Jana Aakash National Weekly

जन आकाश

Jana Aakash National Weekly राष्ट्रिय साप्ताहिक

वर्ष-१४ , अंक- ३०, २०७८ साल फागुन १० गते मंगलबार (Feb 22, 2022) www.janaakash.com.np मूल्य रु १०।-

जन आकाश मिडिया प्रा.लि.बाट प्रशारित
www.janaakash.com.np
अनलाइन सञ्चालन भइरहेको हुँदा तपाइहरुको सल्लाह, सुझाव, व्यवसायिक विज्ञापन आदान प्रदानको लागि विज्ञापन एजेन्सी, कम्पनी, शुभचिन्तक, पाठकवर्ग लगायत महानुभावहरुले निम्न ठेगानामा सम्पर्क गर्न अनुरोध छ ।

जन आकाश युवा कोष स्थापना गर्न लागेको हुनाले उक्त कोषमा रकम जम्मा गरी आफ्नो स्मृतिका नामहरु जोडेर जन आकाशको बार्षिकउत्सवमा पुरस्कार वितरण गर्ने योजना रहेको हुँदा इच्छुक व्यक्ति, संघसंस्थाहरुले सम्पर्क राख्न अनुरोध गरिन्छ ।


सम्पर्क: ४१६७५७८ (बागबजार)
मोबाइल: ९८६१५८८४५६
Email: jana.news2065@gmail.com

# एमसीसीको विवादमा शक्ति राष्ट्रबीच टकराव

**मोहन कार्की**

काठमाडौं । नेपालमा एमसीसी परियोजना विवादित त छदैछ । यसको बिषयमा अमेरिका र चीनका कुटनीतिक नियोगहरुले समेत चासो देखाएका छन् । यस परिस्थितिवाट नेपालमा शक्ति राष्ट्रहरुको टकराव छ भन्ने देखाउँछ ।

एमसीसीको बिषयमा यहि फेब्रोअरी १६ तारिकसम्म समयसीमा तोक्दै अमेरिकी बिदेश सहायकमन्त्री डोनाल्ड लुले नेपालका प्रमुख राजनीतिक दलहरुलाई टेलिफोन गरी नेपालले उक्त सम्झौता नगरेमा नेपाललाई हेर्ने दृष्टिकोणमा फरक पर्ने र चीनको हस्तक्षेप सम्झने जस्ता भाषा प्रयोग गरेका थिए । त्यसको केही दिन पछाडी नेपालका लागि अमेरिकी राजदुत याडी बेरीले टुइट गर्दै यस्तो भनेको छन् । “एमसीसीमा खुला बहस गरौं, हिंसा स्वीकार्य छैन : अमेरिकी एमसीसीको विषयलाई लिएर खुला बहसको समर्थक रहे पनि अमेरिकाले हिंसा वा हिंसा भड्काउने किसिमका विचार नस्वीकार्ने बताएका थिए । ” बेरीले भनेका छन्, ‘हामी वाक स्वतन्त्रता र तथ्यमा आधारित खुला बहसको बलियो समर्थक हौं, एमसीसीको बिषयमा पनि हाम्रो धारणा त्यही हो ।’



उनले एमसीसीबारे हिंसा भड्काउने विचारहरू स्वीकार्न नसकिने बताएका छन् । ‘आफ्नो विचार व्यक्त गर्न पाउनु लोकतन्त्रको अन्तरनिहित विषयवस्तु हो र सबैलाई आफ्नो धारणा शान्तिपूर्वक राख्न छुट हुनुपर्छ,’ ट्वीट सन्देशमा उनले भनेका छन्, ‘तर हिंसा या हिंसा भड्काउने किसिमका विचारहरू स्वीकार्य हुँदैनन् ।’

त्यसको लगतै चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता वाङ वेनबिङले आफूहरू ‘बलजफ्ती कूटनीति’को विपक्षमा रहेको बताएका छन् । उनको भनाई यस्तो छ । “अमेरिकाले नेपालमा ‘बलजफ्ती कूटनीति’ गरेको छ ।”

मिलेनियम च्यालेन्ज कम्प्याक्ट ( एमसीसी) अनुमोदन नभए चिनियाँ हस्तक्षेपका कारण आफ्नो अनुदान सहयोग नलिएको बुझ्ने अमेरिकी चेतावनीलाई चीनले ‘बलजफ्ती कूटनीति’ भनेको जवाफको रुपमा आएको थियो । ‘अन्तर्राष्ट्रिय समुदायको नेपालसँग सहकार्य, नेपालको अर्थतन्त्र विकास र जीविकामा सुधारका लागि गर्ने सहयोगको चीन स्वागत गर्छ,’ प्रवक्ता वेनबिङले भनेका छन्, ‘तर, यो नेपाली जनताको चाहना र राजनीतिक शर्त विना हुनुपर्छ ।’

‘नेपालको असल छिमेकी र विकास साझेदारका रुपमा चीनले नेपाली जनतालाई आफ्नो विकासपथ छनोट गर्न सहयोग जारी राख्छ र आफ्नो देशको हित अनुकूल निर्णय लिने र जनताको इच्छा प्रदर्शित हुनुलाई समर्थन गर्छौं ।’ भनेको थियो ।

यसरी एमसिसि परियोजनाको बिषयलाई लिएर विश्वका प्रथम शक्तिशाली

बाँकी ६ पृष्ठमा

# सरकारबाट माओवादी हट्ने देव गुरुङको घोषणा

काठमाडौं । नेकपा (माओवादी केन्द्र) का संसदीय दलका प्रमुख सचेतक देवप्रसाद गुरुङले आफ्नो पार्टीले एमसीसीको विपक्षमा मत हाल्ने स्पष्ट पारेका छन् । आफ्नो पार्टीले दोहोरो चरित्र नदेखाउने पनि उनको दाबी छ । सोमबार रिपोर्टर्स क्लब नेपालले आयोजना गरेको साक्षात्कारमा बोल्दै नेता गुरुङले पार्टीले सरकारबाट बाहिरिने पनि निर्णय गरिसकेकोले अब कुन दिन बाहिरिने भन्ने मात्रै रहेको पनि सुनाए ।



उनले भने,‘पार्टीले सरकारबाट हट्नुपर्छ भन्ने निर्णय गरिसकेको छ । अब कुन दिन हट्ने भन्ने कुरा छिट्टै निर्णय हुन्छ । सरकारमा नरहने भनेर पार्टीले नीतिगत निर्णय लिईसकेको छ । अब दिनको मात्रै कुरा हो । नेकपा (माओवादी केन्द्र) मा दोहोरो चरित्र देखाउँदैन् । राष्ट्रिय स्वाधिनताको मुद्दामा एकै ठाउँमा उभिन्छ । एमसीसी प्रस्तावबारे प्रतिनिधिसभाको १२ गतेको बैठकमा मतदान हुन्छ या के हुन्छ ? अब छलफलको प्रक्रिया सुरु हुन्छ ।’

क्लबका सभापति ऋषि धमलाको सभापतित्वमा आयोजित साक्षात्कारमा बोल्दै उनले एमसीसी कसैलाई पनि बलिको बोको बनाउने विषय नभएको जिकिर गरे । आफूहरुले एमसीसी टेबुल गर्ने विषयमा पनि आपत्ति जनाएको र कार्यव्यवस्था परामर्श समितिको बैठकमा फरक मत राखेको सुनाए । उनले भने,‘यो सदनमा लैजानुपर्ने आवश्यकत्ता छैन भनेर आफ्नो राय दियौं । संशोधन र परिमार्जनको बाटोमा लैजान पाएको भए हुन्थ्यो । सरकारले संसद्बाट फाईनल होस भनेको थियो । प्रतिपक्षीले अवरोध गरेको बेलामा टेबुल गर्न हुँदैन भनेर हामीले भनेका थियौं । प्रक्रियालाई फलो गर्ने कुरा त हुन्छ नि, यो सम्झौता राष्ट्रियहित प्रतिकुल भएकोले यसलाई

बाँकी ६ पृष्ठमा

# एमसीसीविरुद्धको शान्तिपुर्ण आन्दोलनमा प्रहरी दमन भयो: अभियन्ता विश्वभुमि

काठमाडौं । सामाजिक अभियन्ता तथा धार्मिक व्यक्ति होमबहादुर कार्की (विश्वभुमि)ले अमेरिकी सहयोग परियोजना एमसीसी विरुद्धको आन्दोलनमा प्रहरीले नेपाली जनतामाथी दमन गरेको बताएका छन् । रिपोर्टर्स क्लब नेपालमा सोमबार पत्रकार सम्मेलन गर्दै कार्कीले नागरिकहरुको शान्तिपुर्ण आन्दोलनमा प्रहरीले ज्यादती गरेको बताएका हुन् ।

कार्कीले एमसीसीविरुद्धको शान्तिपुर्ण आन्दोलनमा आइतबार प्रहरीले सोझा नेपाली नागरिकमाथि अन्याय गरेको बताए । राष्ट्र अहिले गम्भिर अवस्थामा गुज्रिएको भन्दै अब नेपाली सेनाले देश बचाउनुपर्ने उनले जिकिर गरे । उनले भने,‘नेपाली जनताले तिरेको करले नेपाली सेना पालिएका हुन्, अब सेना देशको रक्षाको लागि अघि बढ्नुपर्छ । अब सेना चुप लागेर बस्न हुँदैन् ।’ नेपाली नेताहरु विदेशीको इशारामा लम्पसार परेको उनको भनाई थियो ।

एमसीसी सम्झौताको सुरु देखिनै आफुले विरोध गर्दै आएको भन्दै उनले राष्ट्रियताको विषयमा सबै नेपाली सडकमा आउन पर्ने उनले बताए । धेरै मानिसहरु पानी खान नपाएर धेरै मरेको भन्दै पानीको फोहोरा सडकमा नफाल्न पनि कार्कीले सरकारसँग आग्रह गरे ।

अब गृहमन्त्री बालकृष्ण खाँडको राजीनामा माग गर्नुपर्ने बेला आएको उनको भनाई थियो । उनले भने,‘नेपाली कांग्रेसको एउटा व्यक्तिले गर्दा देश डुब्न लागेको छ ।’ अब नेपालीहरुलाई एमसीसीले गृहयुद्धतिर धकेल्न खोजेको उनले आरोप लगाए ।

एमसीसी राष्ट्रघाती भएको भन्दै उनले नेपालीको पहिचान जोगाउन अब सबै नेपालीले खुकुरी नचाउनु पर्ने बेला आएको सुनाए । एमसीसीको पक्षमा उभिने हरुलाई उनले विदेशीको मतियारको संज्ञा दिए ।

देशको स्वाधिनता र अखण्डता जोगाउन नेपाली जे गर्न पनि तयार रहेको उनले बताए । एमसीसीविरुद्ध आन्दोलन ढुंगामुढाँले मात्र नभई शान्तीपुर्ण रुपले पनि गर्न सकिने उनको भनाईथियो ।

उनले भने,‘ध्यान, योग शान्तिपुर्ण तरिकाबाट पनि राष्ट्रको हितको लागि आन्दोलन गर्न सकिन्छ ।’ देश बनाउन शिर्ष नेताहरु सुध्रिनु आवश्यक रहेको उनले औल्याए । अब नेताहरु नसुध्रिने हो भने आगामी हुने सबै तहका चुनाव गर्न नसक्ने पनि उनले जिकिर गरे ।

# ३० राजनीतिक दलले बुझायो राष्ट्रिय निर्वाचन आयोगलाई ज्ञापन पत्र


काठमाडौं । ३० राजनीतिक दलहरूको स्थानीय निर्वाचन चुनाव चिह्न सङ्घर्ष समितिले राष्ट्रिय निर्वचन आयोगका प्रमुख आयुक्त दिनेश कुमार



थपलियासँग आयोगमा भेट गरी ज्ञापन पत्र बुझाएको छ । स्थानीय निर्वाचनमा राष्ट्रिय मान्यता प्राप्त दल बाहेक अन्य राजनीतिक दलहरूले आफ्नो पार्टीको चुनाव चिह्न प्रयोग गर्न नपाउने कानुनी व्यवस्था विभेदकारी र अन्यायपूर्ण भएको र यसले एउटै संविधान र कानुनीप्रक्रिया पुरा गरि निर्वाचन आयोगमा दर्ता भएका दलहरूलाई अलग अलग वर्गीकरण गरि राजनीतिमा राष्ट्रिय मान्यता दलहरूको सिन्डिकेट खडा गरेको ठहर गर्दै सङ्घर्ष समितिले आयोगलाई ज्ञापन पत्र बुझाएको हो । ज्ञापन पत्र बुझ्दै आयोगका प्रमुख आयुक्त दिनेश कुमार थपलियाले आयोगको तर्फबाट ऐन संशोधनको लागि आवश्यक पहल गरिरहेको जानकारी सङ्घर्ष समितिको प्रतिनिधि मण्डललाई गराउनु भयो । सङ्घर्ष समितिले स्थानीय निर्वाचनमा चुनाव चिह्न प्रयोगको असमान व्यवस्था खारेज गर्न माग गर्दै फागुन ८ गते बालुवाटारमा प्रदर्शन गर्ने जनाएको छ । सघर्ष समितिमा आवद्ध दलहरु यस प्रकार रहेका छन् ।

१ आमूल परिवर्तन मसिहा पार्टी
२ उन्नत लोकतन्त्र पार्टी
३ एकीकृत शक्ति नेपाल
४ गान्धीवादी पार्टी नेपाल
५ जनजागरण पार्टी नेपाल
६ जनता समाजवादी पार्टी, नेपाल
७ जनमत

बाँकी ६ पृष्ठमा



'मान्छे कसैले पनि कर्म लिएर आएको हुँदैन । सृजना गरेमात्र भाग्य, रुप सुन्दर हुन्छ ।'– *मोहन कार्की*

## सम्पादकीय

# एमसीसी फिर्ता गर्नुपर्छ

नेपाल र अमेरिकाको दौत्य सम्बन्ध भएको सात दशक भन्दा बढी भएको छ । नेपाल र अमेरिककाले सन् १९४७ मा दौत्य सम्बन्ध स्थापित गरेका हुन् । अमेरिकाले संयुक्त राष्ट्र संघमा नेपाललाई आवद्ध गराउन खेलेको भूमिका नेपालीहरुले भुलेका छैनन् । तर यतिवेला मिलेनियम च्यालेन्ज कर्पोरेशनको विषयमा नेपाल र अमेरिकाबीचमा शंका–उपशंका उठेका छन् । यो दुबै देशको लागि राम्रो होइन । अहिले एमसीसी परियोजनाको विषयलाई लिएर नेपालमा दिनाँहु भइरहने अमेरिका विरोधी प्रदर्शन र अमेरिकाले नेपालका नेपालीहरुलाई हेर्ने दृष्टिकोणमा तिक्तता आउने सहजै देखिएको छ ।

**नेपाल र अमेरिकाको सम्बन्धको इतिहास**

बेलायतका लागि नेपाली आवासीय राजदूत केशरशमशेर जवराले अमेरिका पुगेर तत्कालीन अमेरिकी राष्ट्रपति ह्यारी ट्रम्यानलाई आफ्नो ओहदाको प्रमाण बुझाएर र दिल्ली स्थित रहेका राजदूत हेनरीले नेपालमा आई आफ्नो ओहदाको प्रमाणपत्र बुझाएका थिए । सन् १९५९ मा अमेरिकाले नेपालमा आफ्नो दूतावास स्थापना गर्नुपूर्व दिल्लीस्थिति दूतावासले नै नेपाल हेर्दथ्यो । उता नेपालले समेत वासिङ्टनडिसीमा नेपाली दूतावास सन् १९५८ फेब्रुअरीमा स्थापना गरेको हो । त्यसपछि अमेरिका र नेपालको सम्बन्ध अत्यन्तै राम्रो रहदै आएको छ । त्यसको अलवा नेपाल र अमेरिकाका उच्चस्तरका राष्ट्रका ब्यात्तिहरु राजकीय भ्रमण गरिसकेका छन् । नेपालबाट दुई राष्ट्रप्रमुखहरु राजा महेन्द्र र राजा विरेन्द्रले अमेरिकाको औपचारिक राजकीय भ्रमण गरेका छन् भने त्यस्तै पहिलो जननिर्वाचित प्रधानमन्त्री बि.पी. कोइराला, पंचायती ब्यबस्थाका अन्तरिम सरकारका अध्यक्ष डा. तुलसी गिरी र प्रधानमन्त्री शेर बहादुर देउवाले ह्वाइट हाउसमा अमेरिकी राष्ट्रपतिहरु संग औपचारिक भेटबार्ता गरेका छन् । अमेरिकाबाट हाल सम्म एकपटक उपराष्ट्रपति स्पाईरो एग्न्यु र परराष्ट्रमन्त्री कोलेन पावेलले नेपालको औपचारिक उच्चस्तरीय भ्रमण गरेका छन् भने पूर्व राष्ट्रपति जिम्मी कार्टर, पूर्व परराष्ट्रमन्त्री हेनरी किसिन्जर सहित तत्कालीन प्रथम महिला हिलारी क्लिन्टनले नेपालको भ्रमण गरेका थिए । अमेरिकाले सन् १९५१ बाट नै आफ्नो युएस एड मार्फत नेपालको सामाजिक आर्थिक विकास, शिक्षा, स्वास्थ्य र गरिबी निवारणका लागि सहयोग गर्दै आईरहेको छ भने अमेरिकी सरकारले पिसकोर कार्यक्रम अन्तर्गत पठाएका दक्ष स्वयंसेवकहरुबाट नेपालले विभिन्न क्षेत्रमा साझा सहकार्य गर्दै अनुभव आदानप्रदान गरि नेपाली जनशक्तिलाई दक्ष समेत बनाउँदै लगेको थियो । तर माओवादी जनयुद्धताका पिसकोर कार्यक्रम रोकेको थियो ।

पछिल्लो समयमा नेपालको प्रजातान्त्रिक ब्यवस्थालाई बलियो बनाउन, नेपालको शान्ति तथा समृद्धिका पक्षमा विभिन्न प्रकारका सहयोग गर्दै आएको छ । नेपालको राजनीतिक स्थायित्व, आर्थिक सामाजिक विकास, शिक्षा, स्वास्थ्य र गरिबी निवारणका लागि सहयोग गर्ने नीति अमेरिकाले अबलम्बन गरिरहेको छ त्यस्तै भूकम्प पस्चातको पुनर्निर्माणमा अमेरिकाले सहयोग गरेको थियो । यसरी मित्रवत र पुरानो ७० बर्षभन्दा बढीको दौत्य सम्बन्ध भएको नेपाललाई अमेरिकाले नेपालकै हित सोचेर मिलिनियम च्यालेन्ज परियोजना अन्तरगत ५० लाख अमेरिकी डलर बराबरको सहयोग गर्न चाहेकै हो भनेपनि यतिवेला नेपालका जनताहरु समर्थन र बिरोधमा उत्रिएका छन् । नेपाली जनता नै दुई भागमा बिभाजन भइरहेर रणभुल्ल अवस्थामा छन् । त्यसकारण सत्य तथ्य प्रष्टसँग मिलिनियम च्यालेन्स कर्पोरेशनको सम्झौता जनताले पढेर निस्कर्ष ननिकालेसम्म उक्त मिलिनियम च्यालेन्ज परियोजना फिर्ता गरेर नेपाललाई पर्न लागेको अप्ठ्यारो अमेरिकाले फुकाउनुपर्छ । एउटा असल मित्र राष्ट्रले गर्ने सकरात्मक काम नै अप्ठुयारो परेको वेला सहजी करण गरिदिने हो । त्यो उदारता अमेरिकाले देखाउनु सक्नपर्छ त्यो नै लोकतन्त्रको सवल अभ्यास गरेर उदारण देखाउन सक्ने अमेरिकाले नेपाली जनताले समेत अमेकिाका जनताले साच्चै लोकतन्त्रको अनुभुत गरेका रहेछन् भन्ने बिश्वास नेपालमा पनि परोस् ।

**नेपाल र अमेरिकाको ब्यापारिक सम्बन्ध**

नेपालले अन्तर्राष्ट्रिय शान्ति स्थापनाका लागि खेलेको भूमिकाका अमेरिकाले प्रसंशा गर्दै आईरहेको छ । नेपाल र अमेरिकाबीच लगानी सम्झौता समेत भएको छ । नेपालमा अमेरिकाबाट कृषिजन्य सामाग्री, एयरक्राफ्ट, मेडिकल तथा मेसिनरी सामाग्री आयात हुने गरेको छ भने अमेरिकमा गलैंचा, तयारी पोशाक, हस्तकला र गहना जाने थियो । तर तयारी पोशाक झण्डै डेड दशक भयो अमेकाले कोटा कटाएको छ । अमेरिका र नेपाल विभिन्न संस्थामा सदस्यका रुपमा समेत रहेका छन । संयुक्त राष्टसंघ, अन्तर्राष्ट्रिय मुद्रा कोष, विश्व बैंक र विश्व ब्यापार संगठनमा अमेरिका तथा नेपाल सदस्य राष्ट्र हुन ।

**द्वीपक्षीय उच्चस्तरीय भ्रमणहरु**

१) राजा महेन्द्रले आफ्नो पहिलो अमेरिकाको राजकीय भ्रमण सन् १९६० को अप्रिल २७ मा गरेका थिए जहाँ वासिङ्टनमा उनलाई तत्कालीन अमेरिकी राष्ट्रपति आईजनआवरले स्वागत गरेका थिए भने अप्रिल २८ मा समग्र दक्षिण एशियाबाट पहिलो राष्ट्राध्यक्षका रुपमा उनले अमेरिकाको संयुक्त संसदलाई सम्बोधन गरेका थिए।

२) तत्कालीन राजा महेन्द्रले संयुक्त राज्य अमेरिकाको दोश्रो राजकीय भ्रमण सन् १९६७ को अक्टोबर ३० देखि डिसेम्बर ०३ सम्म गरेका थिए जहाँ उनलाई तत्कालीन अमेरिकी राष्ट्रपति लिण्डे बि जोन्सनले स्वागत गरेका थिए। उक्त भ्रमणका क्रममा उनले अलस्का राज्यमा पुगि सिकार समेत खेलेका थिए ।

३) सन् १९६० मा पहिलो जननिर्वाचित प्रधानमन्त्री बि.पि. कोईरालाले ईट हाउसमा तत्कालीन अमेरिकी राष्ट्रपति आईजनआवरसंग भेटवार्ता गरेका थिए ।

३) सन् १९६३ मा पंचायती ब्यबस्थाका अन्तरिम सरकारका अध्यक्ष डा. तुलसी गिरीले ह्वाईट हाउसमा तत्कालीन अमेरिकी राष्ट्रपति जोन एफ केनेडी संग भेटवार्ता गरेका थिए।

४) सन् १९७० जनवरीमा तत्कालीन अमेरिकी उपराष्ट्रपति स्पाईरो एग्न्युले नेपालको औपचारिक भ्रमण गरि तत्कालीन राजा महेन्द्र र तत्कालीन प्रधानमन्त्री किर्तिनिधी बिष्ट संग भेट गरेका थिए ।

५) सन् २000 मा तत्कालीन अमेरिकी परराष्ट्रमन्त्री कोलेन पावेलले नेपालको औपचारिक भ्रमण गरेका थिए।

६) सन् २00२ मा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले ह्वाईट हाउसमा तत्कालीन अमेरिकी राष्ट्रपति जर्ज डब्लु बुससंग औपचारिक भेटवार्ता गरेका थिए । यस्तो प्रगाढ राम्रो सम्बन्ध भएका देश अमेरिका र नेपाल बीचमा एउटा एमसिसि परियोजनाकै कारण नेपालीहरु रुष्ट हुन्छन् भने अमेरिकाले एमसिसि परियोजना स्थगित गर्नुपर्छ र नेपालसँगको सम्बन्ध बलियो बनाई राख्न बिगतमा नेपाललाई सहयोग गरिरहेकै हो शिक्षा, गरिवी निवारण, स्वास्थ्य, लोकतन्त्रको उन्नतिको लागि एमसीसी परियोजनाबाहेक दिदै आएको सहयोगलाई निरन्तरता दिएर पनि विकल्प दिन सक्ने ठाउँ छ । संदनवाट नै पास गर्नुपर्ने बाध्यताको कारण र त्यसमा उठेका प्रश्नले दुई देश अमेरिका र नेपालवीचको सम्बन्ध नै अप्ठ्यारोमा पर्न सक्ने खतरालाई अमेरिकाले बुझ्नुपर्छ । तत्काल यो निस्कर्ष विश्वको शक्तिशाली राष्ट्र अमेरिकाले निकाल्न सकेन भने नेपालमा बढ्दै गएको अमेकिी मिलिनियम च्यालेन्ज परियोजनाको बिषयले अमेरिका विरोधी नेपाली बढ्न सक्छन् । अमेरिका प्रति सदभाव राख्ने नेपाली जनतामा भोलिका दिनमा यस्तो दुरभाव राख्ने समय आउन नदिन अमेरिका स्वयम नै चनाखो हुनुपर्छ । नेपाल सरकारले पनि अमेरिकालाई यसै भनेर सुझाव दिनु बुद्धिमानी हुन्छ ।

# ओझेलमा भ्रष्टाचार मुद्दा

धर्मेन्द्र झा

नेपालको सन्दर्भमा यहाँको नागरिक समाज निकै सशक्त र प्रभावकारी मानिन्छ । नेपाली समाज साक्षी छ यसले बेलाबखतमा अनेकथरी मुद्दाको बलियो उठान गरेको छ तर यहाँको नागरिक समाजको संरचना, चरित्र र यसले उठान गर्ने गरेका मुद्दाहरूको विश्लेषण गरिएका खण्डमा यो बढी राजनीति प्रेरित छ भन्दा अतिशयोक्ति हुँदैन ।

नेपालको नागरिक समाज राजनीतिक मुद्दाप्रति जति सचेत छ त्यति सचेत समाजका अन्य मुद्दाप्रति रहेको पाइँदैन । नेपालको नागरिक समाजले राजनीतिक विषयमा सधैँ चासो देखाउने गरेको पाइएको छ । यो अत्यन्त स्वाभाविक हो तर यही चासोका आधारमा यहाँको नागरिक आन्दोलन आरोपित हुने गरेको यथार्थलाई बिर्सन मिल्दैन । राजनीतिलाई सबै नीतिको मियो मानिने हुँदा राजनीतिका सम्बन्धमा सबैको ध्यानाकर्षण हुनुलाई अन्यथा मान्न मिल्दैन । नेपाली नागरिक समाजले पनि देश र जनताप्रतिको आफ्नो जिम्मेवारी आवश्यकताअननुसार बोध गर्ने गरेको छ । यति हुँदाहुँदै पनि नेपालका नागरिक अगुवाहरू राजनीतिक मोलमोलाइको सिकार बन्ने गरेको आरोप लाग्दछ भने त्यसलाई निश्चय पनि उचित मान्न सकिँदैन ।

विगतमा राजनीतिक र नागरिक अधिकारसम्बन्धी आन्दोलनका सन्दर्भमा यहाँको नागरिक समाजले अनुकरणीय भूमिका निर्वाह गरेको छ र हालसम्म पनि गरिरहेको छ । यसको साक्षी इतिहास छ । तर विडम्बना, भ्रष्टाचार नियन्त्रणका दिशामा नागरिक समाजका तर्फबाट आजसम्म सशक्त आवाज उठ्न सकेको छैन । स्वाभाविक रूपमा प्रश्न उठ्छ, किन ? नेपालको विगत विश्लेषण गरिएका खण्डमा यहाँ केही अपवादबाहेक भ्रष्टाचार नियन्त्रणका लागि कहीँ कतै प्रभावकारी आन्दोलन भएको पाइँदैन । अझ राजनीतिक र नागरिक समाजको नेतृत्व त यस्तो आन्दोलनका सन्दर्भमा निकैपछि परेको अनुभूति आम जनतामा छ । पछिल्ला केही महिनामा नेपालमा अनेकथरी भ्रष्टाचारका मुद्दा सार्वजनिक भएका छन् । यस्ता मुद्दामा राजनीतिक र व्यावसायिक प्रतिष्ठानका थुप्रै अगुवाको नाम जोडिएको छ । मिडियाले सामान्य रूपमा यस्ता मुद्दाको उठान गरे पनि यी विषय समाजको सर्वस्वीकृत एजेन्डा बन्न सकेका छैनन् । नागरिक समाजले यस्ता मुद्दालाई राजनीतिक लाभहानिका आधारमा मात्र हेर्दा यी विषय सायद समाजको सामूहिक सरोकारका विषय बन्न सकेनन् ।

भ्रष्टाचारको सोझो सम्बन्ध सत्ता र शक्तिसँग हुन्छ । शक्ति सबैलाई मन पर्छ यो स्वाभाविक हो तर शक्तिको प्रयोग कसरी र कुन प्रयोजनका लागि गर्ने भन्ने सोचिनु पर्छ । सत्ता र शक्तिको प्रयोग सधैँ आमजनता र देशका हितमा हुनुपर्छ । त्यहाँ व्यक्तिगत स्वार्थको गन्ध आउँछ भने त्यसले प्रतिकूल परिणाम जन्माउँछ । दुःखका साथ भन्नुपर्छ नेपालको नागरिक समाजको नेतृत्वको ध्यान प्रायः सत्तामा केन्द्रित हुने गरेको छ ।

सम्भवतः यही मनोग्रन्थीका कारण पनि हुन सक्छ, नेपालमा भ्रष्टाचारविरुद्धको आन्दोलनले गति प्राप्त गर्न सकेको छैन । अपवादका रूपमा स्थानीय समुदाय वा 'लो प्रोफाइल'मा रहेकाहरूले यो आन्दोलनलाई उठाउने प्रयत्न गरे पनि यसले उचाइ प्राप्त गर्न सकेको छैन । भारतको अवस्था नेपालको तुलनामा निकै पृथक् छ ।

त्यहाँको नागरिक समाज भ्रष्टाचार विरोधी आन्दोनमा निकै सक्रिय रहेको पाइन्छ । त्यहाँ नागरिक समाजका अगुवामध्येका अन्ना हजारेको नेतृत्वमा भ्रष्टाचारविरोधी आन्दोलन उत्कर्षमा पुगेको स्मरणीय छ । सूचनाको हकका अभियन्ता अरविन्द केजरीवाल यस्तै आन्दोलनका माध्यमबाट अहिले राजनीतिक शक्तिका रूपमा स्थापित हुन पुगेको यथार्थ कसैबाट लुकेको छैन । त्यहाँको आन्दोलनको आवाज र प्रभाव हामी कहाँ आइपुग्यो कि आइपुगेन ? हाम्रो नागरिक समाजले त्यसबारे मसिनो ढङ्गले विश्लेषण गर्नु आवश्यक छ । भारतीय संविधानले भ्रष्टाचार नियन्त्रणको सन्दर्भलाई समुचित ढङ्गले सम्बोधन गर्न नसकेको मूल्याङ्कन भइरहँदा हामी कहाँ भ्रष्टाचार नियन्त्रणलाई कडाइका साथ लागू गर्न संविधानमै व्यवस्थाका लागि हाम्रो नागरिक समाजले भूमिका निर्वाह गर्नु जरुरी छ । भ्रष्टाचार नियन्त्रणका दिशामा अन्यत्रको जस्तो नेपालको नागरिक समाजले अपेक्षित क्रियाशीलता देखाउन सकेको छैन । आवश्यकता छ- यहाँ पनि भ्रष्टाचारविरुद्ध प्रभावकारी आन्दोलनको ।

देश र जनताको कल्याणका लागि भन्दा पनि आज राजनीतिको प्रयोग निजी स्वार्थपूर्तिका लागि भइरहेको छ । अर्को राजनीति अर्थोपार्जनको माध्यम बनेको कुरामा विमति हुन सक्दैन । शासनमा जो भए पनि अर्थोपार्जन मुख्य सरोकार बनेको यस देशमा जनसामान्यको आर्थिक अवस्था दिन प्रतिदिन ओरालो लाग्दो छ । सहरमा बसेका सम्भ्रान्तलाई यसको अनुभव नहुन सक्छ तर भ्रष्टाचारले समाजलाई कसरी गाँजेको छ र यसबाट जनसामान्य कुन हदसम्म प्रभावित छन् भन्ने बुझ्न गाउँ पस्नुपर्छ । उपचारका लागि छाप्रो मात्र ठडिएको आफ्नो पुर्ख्यौली जग्गा बिक्री गर्न खोज्दा पनि नापी र मालपोतका कर्मचारीले जब घुस माग्छन् त्यसबेला भ्रष्टाचारको पीडाको प्रभाव उत्कर्षमा पुगेको अनुभव गर्न सकिन्छ ।

जब एउटा म्यानपावर एजेन्टले एक जना विपन्नलाई उठिवास लगाउँछ र त्यस्तो विपन्नको मुद्दा कतै सुनवाइ हुँदैन अनि आत्मा रोएको अनुभूत हुन्छ । सरकारले व्यवस्था गरिदिएको सामाजिक सुरक्षावापतको रकम लिन जाँदा जब स्थानीय तहमा ज्येष्ठ नागरिक र एकल महिलासँग नजराना असुल गर्न खोजिन्छ तब भ्रष्टाचारको पीडाले पिरोल्छ । मृत्यु दर्ता गर्न गएका मृतकका आफन्तसँग नागरिक हुनुको निस्सा खोज्ने बहानामा जब उपहारको अपेक्षा गरिन्छ तब भ्रष्टाचारको रापले मुटु पोल्छ । हामीकहाँ यस्ता विषय आन्दोलनका विषय बन्दैनन् । उदेकलाग्दो त के छ भने नागरिक समाजका लागि यस्ता विषय आन्दोलनका मुद्दा बन्दैनन् । सहरका सडकमा यस सन्दर्भमा कुनै पदचाप सुनिदैन । दैनिक उपभोग्यका वस्तुको आकाशिँदो मूल्यवृद्धि जनसरोकारको विषय बन्न सकिरहेको छैन । नेपाली समाज अनियमितता, अनाचार र भ्रष्टाचारको भुमरीमा फँसिरहेको छ । यतातर्फ किन कसैको ध्यान जाँदैन ?

राजनीति नै गर्ने उद्देश्य हो भने माथि उल्लेख गरिएका मुद्दा उठाएर राजनीति गर्न सकिन्छ कि सकिँदैन ? सम्बद्ध सबैले सोच्नु आवश्यक छ । कानुनी शासनको प्रत्याभूतिको अपेक्षा गरिरहेका नेपाली जनता यतिखेर दण्डहीनता र शासनको मनपरितन्त्र भोगिरहेका छन् । देशको समग्र प्रशासन संयन्त्र भ्रष्टाचारको आहालमा डुबेको छ । दैनन्दिनका आवश्यकता पूर्तिका प्रत्येकजसो सन्दर्भमा भ्रष्टाचारले जरो गाडेको यस मुलुकमा सुशासन फगत नारामा सीमित भएको छ । यस सम्बन्धमा नागरिक समाजको गम्भीर ध्यानाकर्षण हुनु अनिवार्य छ । अझै भन्ने हो भने नेपालका सन्दर्भमा नागरिक समाजको परिभाषा र प्रभावकारिताकै सम्बन्धमा समान धारणा निर्माण गर्नु जरुरी भइसकेको छ । यसो हुन सके नागरिक समाजमाथि बेलाबखतमा विभिन्न शब्द र स्वरूपमा लाग्ने आरोपलाई पनि सम्बोधन गर्न सहज हुनेछ ।

नेपालमा भ्रष्टाचार नियन्त्रण गर्ने सन्दर्भमा विद्यमान कानुन र निकायहरू प्रभावकारी हुन सकिरहेका छैनन् । पछिल्ला दिनमा भ्रष्टाचारका केही मुद्दा नउठेका होइनन् तर तीमध्ये अधिकांश टुङ्गोमा पुग्न सकेका छैनन् । नेपालले भ्रष्टाचार नियन्त्रणसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय अभिसन्धिमा समेत हस्ताक्षर गरिसकेको छ तर यसको पनि कार्यान्वयन हुन नसक्नु दुःखद छ । पछिल्लो कालखण्डमा भ्रष्टाचारजन्य क्रियाकलाप मौलाउनुमा स्थानीय तहको नीतिहीनता मात्र होइन बरु केन्द्र र प्रदेशका शासन संयन्त्र हरू पनि जिम्मेवार नहुनुलाई प्रमुख कारणका रूपमा स्वीकार गर्न सकिन्छ । नेपालको अस्थिर राजनीति भ्रष्टाचारको अर्को प्रमुख कारण हो । राजनीतिक अस्थिरताबाट उत्पन्न सङ्क्रमणका नाममा यहाँ मनपरितन्त्रको विकास भएको छ र यो मनपरितन्त्रबाट सम्पूर्ण जनता आक्रान्त बनेका छन् ।

विधिको शासनको मान्यताको अवमूल्यन भएको छ र भ्रष्टाचारले सबै सीमा नाघिसकेको छ । निश्चय पनि यो स्थितिले देशमा भ्रष्टाचार मौलाउन प्रोत्साहन मिलेको छ । आवश्यकता छ, नागरिक समाजले यस परिस्थितिमा सुधारको पहल गरोस् ।

**विगतमा राजनीतिक र नागरिक अधिकारसम्बन्धी आन्दोलनका सन्दर्भमा यहाँको नागरिक समाजले अनुकरणीय भूमिका निर्वाह गरेको छ र हालसम्म पनि गरिरहेको छ । यसको साक्षी इतिहास छ । तर विडम्बना, भ्रष्टाचार नियन्त्रणका दिशामा नागरिक समाजका तर्फबाट आजसम्म सशक्त आवाज उठ्न सकेको छैन । स्वाभाविक रूपमा प्रश्न उठ्छ, किन ? नेपालको विगत विश्लेषण गरिएका खण्डमा यहाँ केही अपवादबाहेक भ्रष्टाचार नियन्त्रणका लागि कहीँ कतै प्रभावकारी आन्दोलन भएको पाइँदैन । अझ राजनीतिक र नागरिक समाजको नेतृत्व त यस्तो आन्दोलनका सन्दर्भमा निकैपछि परेको अनुभूति आम जनतामा छ । पछिल्ला केही महिनामा नेपालमा अनेकथरी भ्रष्टाचारका मुद्दा सार्वजनिक भएका छन् । यस्ता मुद्दामा राजनीतिक र ब्यावसायिक प्रतिष्ठानका थुप्रै अगुवाको नाम जोडिएको छ । मिडियाले सामान्य रूपमा यस्ता मुद्दाको उठान गरे पनि यी विषय समाजको सर्वस्वीकृत एजेन्डा बन्न सकेका छैनन् । नागरिक समाजले यस्ता मुद्दालाई राजनीतिक लाभहानिका आधारमा मात्र हेर्दा यी विषय सायद समाजको सामूहिक सरोकारका विषय बन्न सकेनन् । भ्रष्टाचारको सोझो सम्बन्ध सत्ता र शक्तिसँग हुन्छ । शक्ति सबैलाई मन पर्छ यो स्वाभाविक हो तर शक्तिको प्रयोग कसरी र कुन प्रयोजनका लागि गर्ने भन्ने सोचिनु पर्छ । सत्ता र शक्तिको प्रयोग सधैँ आमजनता र देशका हितमा हुनुपर्छ । त्यहाँ ब्यक्तिगत स्वार्थको गन्ध आउँछ भने त्यसले प्रतिकूल परिणाम जन्माउँछ । दुःखका साथ भन्नुपर्छ नेपालको नागरिक समाजको नेतृत्वको ध्यान प्रायः सत्तामा केन्ि्रत हुने गरेको छ । सम्भवतः यही मनोग्रन्थीका कारण पनि हुन सक्छ, नेपालमा भ्रष्टाचारविरुद्धको आन्दोलनले गति प्राप्त गर्न सकेको छैन । अपवादका रूपमा स्थानीय समुदाय वा लो प्रोफाइलमा रहेकाहरूले यो आन्दोलनलाई उठाउने प्रयत्न गरे पनि यसले उचाइ प्राप्त गर्न सकेको छैन । भारतको अवस्था नेपालको तुलनामा निकै पृथक् छ । त्यहाँको नागरिक समाज भ्रष्टाचारविरोधी आन्दोनमा निकै सक्रिय रहेको पाइन्छ ।**

# ज्ञानेन्द्र शाही सहित ४५० जन राप्रपामा प्रवेश

काठमाडौँ । ज्ञानेन्द्र शाहीले नेतृत्व गरेको हामी नेपाली हाम्रो नेपाल अभियान राष्ट्रिय प्रजातन्त्र पार्टीमा मर्ज भएको छ । शाही लगायतको समूहलाई शुक्रवार पार्टी कार्यालय धुम्बाराहीमा आयोजिक एक कार्यक्रममा राप्रपा अध्यक्ष राजेन्द्र लिङदेनले पार्टी प्रवेश गराए । शाही सहित उनको अभियानका करिब ४५० जना राप्रपामा प्रवेश गरेका छन् । लिङदेनले शाहीलाई माला लगाइदिनुका साथै राप्रपाको झण्डा प्रदान गरेका थिए । यसअघि भ्रष्टाचारविरोधि अभियन्ताका रुपमा चिनिएका उनी अब राजतन्त्रको एजेन्डालाई आत्मसात गर्दै मुलधारको राजनीतिमा आएका छन् । राप्रपाको केन्द्रीय पदाधिकारी बैठकले शाही नेतृत्वको अभियानलाई पार्टीमा समाहित गर्ने महामन्त्री डा. धवलशमशेर राणा संयोजकत्वको वार्ता समितिको प्रस्ताव अनुमोदन गरेको थियो । पार्टी प्रवेश कार्यक्रमलाई सम्बोधन गर्दै राप्रपा अध्यक्ष लिङ्देनले शाहीलाई पार्टी केन्द्रीय सदस्य र प्रवक्ता मनोनीत गरेको घोषणा गरे । पार्टीले सुशासन विभाग बनाउने र शाहीलाई त्यसको प्रमुखसमेत बनाउने उनले बताए । शाही नेतृत्वको अभियानमा रहेका हरेकलाई पार्टीमा जिम्मेवारी दिने भन्दै उनले भने, 'नेता कार्यकर्ता हुनुको केही सीमा हुन्छ, कार्यशैली परिवर्तन गर्नुपर्छ । तर सुशासनको अभियान अझ सशक्त भएर जान्छ ।' राप्रपामा यसअघि नै भक्तिप्रसाद सिटौला, मोहन श्रेष्ठ, सगुनसुन्दर लावती र गोपाल दाहाल गरी चारजना प्रवक्ता र अरु तीन जना सहप्रवक्तामा मनोनीत भइसकेका छन् ।

त्यस्तै विश्व हिन्दु महासंघका उपाध्यक्ष शंकर खराल राप्रपामा प्रवेश गरेका छन् । प्रजातन्त्र दिवसको अवसर पारेर खराललाई राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देन र निवर्तमान अध्यक्ष डा. प्रकाशचन्द्र लोहनीले पार्टी प्रवेश गराएका हुन् । पोखरामा राप्रपाले आयोजना

बाँकी ६ पृष्ठमा

# लोकतन्त्रको नाममा वंशवाद

डा. पदमराज कलौनी

नेपालको राजनीति वंशवादमा हुर्कन थालेको छ। राजतन्त्र वंश परम्परामा आधारित व्यवस्था थियो। राजतन्त्रप्रति जनताको घृणा हुनुका पछाडि राजदरबारको नाममा हुने वंशशासन र नातावाद थियो। वंशवाद र नातावाद शासनमा एउटै परिवार, वंश वा समूहबाट एकपछि अर्को शासक बन्दछन्। वंशवादले भाइ भतिजावाद जन्म दिन्छ। सिद्धान्त तह लोकतन्त्रमा वंशवादको कुनै महत्त्व हुँदैन तर व्यवहारमा वंशवाद धेरैजसो देशमा हावी देखिन्छ। लोकतन्त्रमा वंशवादलाई निकृष्टतम कोटीको आरक्षण मानिन्छ। यसलाई राजतन्त्रको सुधारिएको (श्रीपेच विहीन) व्यवस्था मान्न सकिन्छ। वंशवाद आधुनिक राजनीतिक शासन प्रणालीमा प्रगतिशीलताको विरुद्ध हुन्छ। लोकतान्त्रिक पद्धतिमा हुने भनिएको स्वच्छ प्रतिस्पर्धालाई यसले रोक्छ। छोटो समयमा नेपालको लोकतान्त्रिक पद्धतिमा सङ्घ, प्रदेश र स्थानीय गरी तीनै तहमा परिवारको दबदबा देखिन्छ। शीर्ष नेताका परिवार र तिनका मतियारले लोकतान्त्रिक व्यवस्थालाई राजनीतिक उत्तराधिकारीको झैँ राजनीतिक व्यवस्था विकसित गर्न खोजिरहेका छन्। राजकाजमा खानदानको एउटा मानिस हावी भएपछि दाजुभाइ, श्रीमती, छोराछोरी, नातिनातिनी, पनाति, हुँदै वंश परम्परामा सन्ततिहरूको भोकाधिकार कायम हुने अवस्था सिर्जना हुन्छ। वंशमा जन्मिएकै कारणले राजनीतिक कार्यकारी पदमा पुग्ने क्रम रोकिएन भने भावी दिनमा विद्रोहबाट बचाउन सकिँदैन। नेपालमा वंशवादको स्थापना राजतन्त्रबाट प्रारम्भ भएको हो। जङ्गबहादुर राणाले वंश परम्पराकै आधारमा १०४ वर्षसम्म जहानियाँ शासन चलाए। शाह र राणाहरूको वंश परम्परागत शासनबाट मुक्ति पाएका जनता सङ्घीय शासन प्रणालीमा वंश परम्परा लक्षण देखिन थालेका छन्। नेपाली काँग्रेस, नेकपा एमाले, नेकपा (माओवादी केन्द्र) लगायतका राजनीतिक दलमा वंश परम्परा विकसित र झाङ्गिन थालेको छ। छिमेकी मुलुकमा भारतमा समेत नेहरू खानदान, बाल ठाकरे, लालुप्रसाद यादव, शरद पवार, माधवराज सिन्धिया आदि पारिवारिक वंशवादले भारतीय राजनीतिमा हिस्सेदार बनेझैँ नेपालमा पनि वंशवादले प्रोत्साहन देखिएको पाउँछौँ।

नेताहरू आफ्नी श्रीमती, छोराछोरी, भाइ, भतिजा, ज्वाइँ, सालासालीलगायत आसेपासे आदिलाई कार्यकारी पदमा विराजमान गर्न जुनसुकै मूल्य चुकाउन पछि परेका छैनन्। राजनीतिक दलमा वर्षौंदेखि त्याग गरेका योग्य, इमानदार र लोकप्रिय नेतालाई क्षणभरमा पाखा लगाउने कार्यले लोकतान्त्रिक व्यवस्था छोटो अवधिमा बदनाम हुँदै गइरहेको छ। जित निश्चित भएका स्थान र पदमा वंशवादलाई योग्यतम (अयोग्य भए पनि) ठान्ने परम्पराले लोकतन्त्रमा आवरणमा निरङ्कुशतन्त्र फैलिरहेको छ। लामो राजनीतिक सङ्घर्ष गरेका कार्यकर्ताहरू राजनीतिक पार्टीमा लागिरहने छोड्ने भन्दै जीवन मरणको दोसाँधमा बाँचिरहेका छन्।

वंशानुगत राजतन्त्रमा राजाको छोरा राजगद्दीमा बसेझैँ झझल्को दिने गरी लोकतन्त्रको नाममा नयाँ राजाहरू परिवादवादमा देशको राजनीतिलाई मलजल पु-याइरहेका छन्। लोकतन्त्रको नाममा परिवारलाई विशिष्ट सुविधाभोगी बनाउने परम्परा जनघाती र राष्ट्रघाती छ। लोकतन्त्रलाई नेताहरूले सुविधाभोगी व्यवसायको रूपमा विकसित गर्न खोजिरहेका छन्। राजनीतिलाई सेवाभन्दा व्यावसायिक कलेवर दिन दत्तचित्त देखिन्छन्। आफू शक्तिशाली भएको समयमा खान्दानलाई सदासर्वदा शासक बनाउने परम्परा दुःखद र खेदजनक छ। भूमिगत कालमा परिवारसहित सङ्घर्षमा होमिनु परेको इतिहासको हवाला दिएर परिवारसहित सार्वजनिक पदमा बसेर सुखसुविधा उन्मुख हुनुलाई लोकतान्त्रिक चरित्र मान्न सकिँदैन।सङ्घीय संरचनाले स्थापित गरेको संवैधानिक मूल्यमान्यताको आडमा राजनीतिक प्रणालीलाई परमुखी बनाउनुमा आफूलाई परिवर्तनकारी, देश र जनताको पक्षमा छु भन्नु सेवामुखी नभए लुटमुखी चरित्र उदाङ्गो भएको छ। नेताहरूको व्यवहारले देश, जनता र राजनीतिक इमानदार दलीय कार्यकर्ताको अवमूल्यन भएको छ। चुनावी टिकटमा पहिलो प्राथमिकता क्रमशः परिवारवाद, नातावाद, धनीमानी/व्यापारी, दल अदलबदल गरेका, भ्रष्टाचारी आदिको बाहुल्यता देखिन्छ। सङ्घर्षशील त्यागी, जनसेवी, इमानदार, प्रतिबद्ध, स्वच्छ छवि भएका कार्यकर्ताको टिकटमा पहुँच नभएर ओझेलमा परेका छन्। वंशवाद र धनबलको पहुँचले प्रशासनिक अनुभव बिना राजनीतिक नियुक्तिले अर्थवाद हावी भएको प्रमाणित गरेको छ। नेपालको राजनीतिमा परिवार सहित लाभका पदमा नियुक्त हुन तोकिएका पद र परिवारको पहुँच देखिन्छ। संविधानमा नै संवैधानिक पदमा उल्लेख गरेको योग्यताले अभिजात्य वर्गको पृष्ठपोषण गरेको छ। राजनीतिक आस्थाभन्दा संविधान निर्माणकर्ताले अर्थवाद र नातावादलाई योग्यता निर्धारण गरेको आभास हुन्छ। राजा महाराजाहरूको दरबार नजिक हुनेवित्तिकै योग्य हुने राजतन्त्रीय मनसायलाई लोकतान्त्रिक भन्न सकिँदैन। सत्तापक्षीय राजनेताको घरदैलोमा हाजिर लगाउनेहरू लोकतान्त्रिक दृष्टिकोणले योग्य ठहरिएका छन्। दरबारिया घरानाहरूले नयाँनौला मुखियाहरूलाई अनेकन प्रलोभन दिएर आफ्नो हात चिल्लो पार्ने कलामा निरन्तरता दिएका छन्। राजादेखि रङ्कसम्म पहुँच बनाउन सक्ने सुकिला मुकिलाहरू सधैँ राज्यसत्ता रापतापमा सेक्दै आएका छन्। नातावादको सहाराले अवसरवादीहरू आफ्नो खान्दानलाई लोकतान्त्रिकसम्म अपरिहार्यता देखाउन सफल भएका छन्। सङ्घीय लोकतान्त्रिक संस्कार बनाएर आफूलाई राजनीतिक उत्तराधिकारी बनाउँदै नातावाद संस्कृति मौलाउन थालेको छ। वंशपरम्परा र नातावादी आरक्षणमा पर्न नसकेकाहरू आजीवन सर्वसाधारण कार्यकर्तामा चित्त बुझाउनुबाहेक विकल्प देखिँदैन। ठूलाठालुहरू आफूलाई स्थापित गर्न विद्रोह गरी स्थापित हुने र स्थापित हुन नसकेमा दलबदल गर्ने, पलायन हुने र राजनीतिबाट सन्न्यास लिने गरेका छन्। नेतृत्वको दया मायामा परेकाहरू समयक्रमले आफ्नो हात जगन्नाथ गर्न सफल भएका छन्। विविध कारणले युवा वर्ग राजनीतिबाट विमुख हुँदै निमुखा हुन पुगेका छन्। राजनीतिमा अब्बल भएका युवा अन्य पेसा व्यवसाय गर्ने र वैदेशिक रोजगारमा पलायन भएका छन्। राजनीतिमा निष्ठा र प्रतिष्ठाको प्रश्न उठिरहँदा हाम्रो ध्यान परिवारवादमा गएर ठोकिन्छ। वंशमा अंश स्थापित भइरहेको अवस्थामा मतदाता निराश हुनु स्वाभाविक छ। राजतन्त्रकै विरासतलाई निरन्तरता दिएर पैतृक धरातल निर्माण भइरहेको वर्तमान राजनीतिले विविध खाले वर्ग, क्षेत्र र लिङ्गले सजिलै राजनीतिक पहुँच बनाउनेमा आशङ्का उब्जेको छ।

लोकतान्त्रिक आवरणभित्र देखापरेका अनेकन खालका राजनीतिक विकृति एवं समस्याहरूले परिवर्तनमाथि प्रश्न चिह्न लाग्ने खतरा मडारिएको छ। जनताले विकासको प्रतिफल समान रूपमा पाउन सकिरहेका छैनन्। टोलछिमेकमा कार्यकारी वा प्रभावशाली नेताको बसोवास छैन भने टोलवासीले राज्यद्वारा प्रदत्त गरिने सेवा सुविधा पाउन गाह्रो छ। राज्यको विभेदकारी नीतिले समुदायका बीचमा भेदभाव कायम भएको छ। नेपाली जनता सदैव सामाजिक सम्मान, राजनीतिक साझेदारी र आर्थिक समानताबाट टाढा छन्। लोकतन्त्रमा जनताको माग भनेको सम्मान, बराबरी र विकासको अनुभूति हुनुपर्छ भन्ने मुद्दाहरू प्रमुख हुन्। जबसम्म राजनीतिमा विविध खालका विभेदहरू कायम रही रहन्छन् तबसम्म राजनीतिलाई जनमुखी स्वीकार गर्न सकिँदैन। विकासोन्मुख राजनीतिक वातावरण स्थापित गर्न विविध खाले विषमताको अन्त्य हुनु अति आवश्यक छ। लोकतान्त्रिक अभ्यासमा वंशवादसँगै विखण्डन, अस्थिरता, अपराधीकरण, भ्रष्टाचार, कालोबजारी, अवसरवाद, जातिवाद आदि राजनीतिक कुपरम्परा हुर्कंदै गएका छन्। राजनीतिक परिवर्तनको समयमा नेताहरूले प्रतिबद्धता गरेका गरिबी, बेरोजगारी, असमानता, वर्गीय मुद्दा, क्षेत्रीय र लैङ्गिक सवालहरू एकादेशका कथा भएका छन्। राजनीतिक नेतृत्वले अभूतपूर्व अवसरवादको परिचय दिइरहँदा राजनीतिक सिद्धान्त र सङ्घर्ष हात्तीका देखाउने दाँत प्रमाणित भएको छ। राजनीतिज्ञमा देखिएको विविध खाले स्वार्थले नेपाली राजनीति फोहोरको डङ्गुर बन्दै गएको छ, जसलाई सफा गरिएन भने यसले अनेकन दुष्परिणाम ल्याउने निश्चित छ।

सत्ताका लागि गरिने राजनीतिले लोकतन्त्रलाई विकृत ढाँचामा ढाल्दै गएको छ। फलस्वरूप नेताहरू दिनानुदिन अवमूल्यन हुँदैछन्। नेताहरू भ्रष्टाचारजन्य गतिविधिमा मुछिएका छन्। जनविश्वास माथि कुठाराघात भएको छ। अधिकांश राजनेताले विश्वसनीयता घटाउँदै गएका छन्। चुनावी समयमा छवि सुधार्न कोसिस गरे पनि बानी व्यहोराले तुरुन्तै स्खलित हुन्छन्। सङ्घीय लोकतन्त्रको स्थापनापश्चात् देशको राजनीति अर्थहीन बाँकी ६ पृष्ठमा


खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी

नेपाल आयल निगम लि. को

## अति आवश्यक जानकारी

एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

### दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू :




१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रबर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौ । साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौ ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ ।

### ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू :




१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौ ।
२. झ्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौ । विद्युतजन्य उपकरणको प्रयोग नगरौ ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौ ।

"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।"

उपभोक्ता जनहितका लागि जारी

नेपाल आयल निगम लि.

केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल

०१-४२६३४८५, ४२६३४८१

# रामेछाप डायरी

## रामेछापका मानन्धर बेपत्ता, खोजी गरिदिन परिवारको आग्रह

रामेछाप। रामेछापको मन्थली नगरपालिकाबाट २५ बर्षिय एक युवक वेपत्ता भएका छन्। गत विहिवार बिहानबाट घरबाट बाहिर निस्किएका दिपेश मानन्धर वेपत्ता भएका हुन्। उनको परिवारले खोजतलास गरेपनि अझै फेला पर्न सकेका छैनन्। मानन्धर इन्जिनियर विषयमा स्नाकोत्तर गरेका सुनापति गाउँपालिका-५ रुपाकोट स्थायी घर भइ हाल मन्थली नगरपालिकामा बस्दै आएका थिए। दिपेश मानन्धरका छोरा दिलकुमार मानन्धरले छोराको खोजी गरेपनि अझै फेला पर्न नसकेको बताए। छोरा हराएसँगै उनको परिवार चिन्तामा डुबेको छ। उनको परिवारले छोराको खोजी गरिदिन जिल्ला प्रहरी कार्यालय रामेछापमा निवेदन पनि दिएको छ। मानन्धरको परिवारले खोजी कार्यमा सहयोग गरिदिन सबैमा आग्रह गरेका छ। परिवारका अनुसार विहिवार नियमित चेकअपको लागि अस्पताल जाने तयारी थिए। दिपेश केही समयदेखि निद्रा नलाग्ने रोगपाट पीडित रहेको परिवारले जनाएको छ। यता जिल्ला प्रहरी कार्यालय रामेछापका प्रमुख डिएसपी राजकुमार थिङले वेपत्ता दिपेश मानन्धरको खोजी कार्य तीब्र बनाएको बताएका छन्। उनले वेपत्ता भएको खबर प्राप्त भएकै दिनबाट प्रहरीले खोजी कार्य गरिरहेको बताउदै परिवारसँगको सहकार्यमा खोजी भइरहेको बताएका हुन्।

## मन्थली माविको विद्यालय व्यवस्थापन समिति चुनावबाट

रामेछाप। रामेछापको सदरमुकाम मन्थलीमा रहेको मन्थली माध्यमिक विद्यालयको व्यवस्थापन समिति गठनको लागि मतदान हुने भएको छ। सर्वसहमतिमा कुरा नमिलेपछि मतदान प्रक्रिया अगाडि बढेको हो । मंगलबार बिहान ८:०० बजेदेखि साँझ ५:०० बजेसम्म मतदान हुने मन्थली माविका प्रधानाध्यापक टंकप्रासद दहालले जानकारी दिए। उनका अनुसार खुला सदस्य दुई पुरुषका लागि १० जना निर्वाचन प्रक्रियामा भाग लिएका छन्। त्यस्तै दुई पदका लागि खुल्ला महिला सदस्यमा चार जना उम्मेद्वार चुनावी मैदानमा रहेको प्रधानाध्यापक दाहालले बताए। कूल एक हजार दुई सय ८५ जना मतदाता रहेको मन्थली माविमा मतदानमा भाग लिन सबैलाई आह्वन समेत गरिएको छ। यसअगाडिको व्यवस्थापन समिति अवैधानिक तरिकाले गठन भएको, आर्थिक हिनामीनामा मुच्छिएको, विद्यालय व्यवस्थापनमा चुकेको लगाएको विवादमा मुछिएपछि मन्थली नगरपालिकाको शिक्षा शाखा अन्तर्गत गठित समितिले नयाँ समिति गठन प्रक्रिया अगाडि बढाएको हो। दुई महिला र दुई परुष सहित नयाँ सदस्यको टुङ्गो लागेपछि अध्यक्षसहितको नयाँ समिति टुङ्गाईले बताइएको छ।

## फागुन १३ देखि मन्थलीमा चौथो राष्ट्रपति रनिङ् शिल्ड प्रतियोगिता

रामेछाप। रामेछापको मन्थली नगरपालिकाले आउदो शुक्रबारदेखि 'चौथो राष्ट्रपति रनिङ् शिल्ड' प्रतियोगिता संचालन गर्ने भएको छ। कोरोना महामारी दैनिक घट्दै गएको भन्दै प्रतियोगिता संचालन गर्न लागेको सोमबार नगरपालिकाको कार्यालयमा नगर शिक्षा समितिको बैठकले निर्णय गरेको हो। यही फागुन १३ गते शुक्रबार देखि १४ र १५ आइतबारसम्म प्रतिगयोगिता संचालन हुने छ। नगरभित्रका २२ वटा माध्यामिक विद्यालहरुले भाग लिने उक्त प्रतियोगिताले खेलकुद क्षेत्रलाई चलायमान बनाउन बल पुग्ने विश्वास गरिएको छ। नगरको बार्षिक कार्यक्रम अन्तर्गत प्रतियोगिता केही समय अगाडिनै हुनु पर्ने थियो। तर कोरोना संक्रमणले केही पछि रहेको थियो। तीन दिनसम्म हुने प्रतियोगितामा भलिबल, कबडी, एथ्लेटिक्स र मार्सलआर्ट विधामा खेल खेलाईने आयोजकले जनाएको छ। छलफलमा बोल्दै नगरप्रमुख रमेशकुमार बस्नेतले नगरका सबै विद्यालयहरु एकैनाशका नरहेको भन्दै सबैलाई सहज हुने गरि कार्यक्रम गर्नु पर्ने बताए। उनले राष्ट्रपति रनिङ्शिल्ड प्रतियोगिता नगरको गहनाको रुपमा रहेको बताए। बस्नेतले खेल विद्यार्थीको प्रतिभा भएको भन्दै त्यसलाई बाहिर ल्याउन सक्नु पर्ने बताए। उनले नगरका २२ माविले सहभागिता जनाउने जानकारी गराए। बैठकले प्रतियोगिता संचालनको लागि विभिन्न समिति गठन गर्दै जिम्मेवारी तोकेको छ।

## रामेछापका कांग्रेस गाउँ-गाउँमा

रामेछाप। नेपाली कांग्रेस रामेछापले गाउँ टोल अभियानसँगै पार्टीको आन्तरिक संगठन सुधारमा केन्द्रित बनेको छ। पछिल्लो केही दिन यता कांग्रेस रामेछापले निर्वाचनको मिति घोषणा भएपछि पार्टीलाई चलाएमान बनाउदै गाउँ,टोल अभियान थालेको छ। यसैसँग सम्बन्धित रहेर कांग्रेसले आन्तरिक बैठक, छलफल, शाखा, विभागहरु, गठन जिम्मेवारी तोक्ने, टोल कमिटी गठन विस्तार गर्दै आएको नेपाली कांग्रेस रामेछापका सचिव दीपक खड्काले जानकारी दिए। 'हामी संगठन विस्तार र टोल कमिटी गठनमा केन्द्रीत छौं। कांग्रेसले शनिबार मात्रै जिल्लाको उमाकुण्ड गाउँपालिकामा पालिका कांग्रेसको बैठक बसी निर्वाचन केन्द्रित गतिविधि अगाडि सार्ने निर्णय गरेको छ। त्यस्तै शनिबारै क्षेत्र नं २ को 'ख' को बैठक पार्टी कार्यालय मन्थलीमा बसेर विभिन्न विभाग तथा उपशाखा गठन गरेको प्रचारप्रसार विभागको जिम्मेवारी पाएकी ज्ञानु श्रेष्ठले जानकारी दिइन्। उनका अनुसार बैठकले विधानअनुसार सभापतिले मनोनित गर्ने सदस्यसमेत मनोनित गरिएको छ। त्यस्तै शनिबार मन्थली नगरपालिका वडा नं १२ चनखुमा कांग्रेस सभापति पूर्णबहादुर तामाङ् 'कान्छाराम' सहितका कांग्रेस नेताहरुको उपस्थितिमा भएको एक कार्यक्रममा एमाले, राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), माओवादीसहित विभिन्न पार्टी परित्याग गर्दै ६३ जना कांग्रेस प्रवेश गरेका छन्। निर्वाचन नजिकिदै गर्दा कांग्रेस भित्रिनेको संख्या पनि बढिरहेको छ। ७२ औं प्रजातन्त्र दिवस तथा बृहत पार्टी प्रवेश कार्यक्रममा बोल्दै सभापति तामाङ्ले 'म, जे बोल्छु, त्यो गर्छु र जे गर्छु त्यही बोल्छु भने।' उनले कांग्रेसले आउदो निर्वाचनमा जिल्लाका सबै स्थानीय तहमा कांग्रेसले बहुमत ल्याउने बताए। कांग्रेस सभापति तामाङले विकास निर्माणको पक्षमा आफूहरुको भन्दै बोलेर र जनतालाई झुटो आश्वसन दिनु भन्दा काम गरेर देखाउने प्रतिबद्धता जनाए। उता रामेछाप नगरपालिका वडा नं ३ साघुटारमा पनि कांग्रेस उपसभापति लेखबहादुर कार्कीको उपस्थितिमा भएको कार्यक्रममा वडाका दलित समुदायका घरपरिवारलाई आरण पेशा संचालको लागि अत्याधुनीक आरणका सामाग्री प्रदानसहित एक सय थाना प्लस्टिकका कुर्सी समेत स्थानीयलाई सहयोग गरिएको (नेविसंघ)का नेता युवराज सुवेदीले जानकारी दिए।

# एप प्रयोग गर्दा एक तोला सुन उपहार

नेपालको पहिलो बैंक नेपाल बैंक लिमिटेडको बीरगन्जस्थित आदर्शनगर शाखाका ग्राहक राजुकुमार के.सी.ले नेपाल बैंकको मोबाइल बैंकिङ एप प्रयोग गरि भुक्तानी गर्दा फोनपेको उपहार कार्यक्रम क्यूआर को गुन, एक तोला सुन अन्तर्गत एक तोला सुन उपहार प्राप्त गर्नु भएको छ ।

बैंकको आदर्शनगर शाखामा माघ २७ गते आयोजित उपहार हस्तान्तरण कार्यक्रममा बैंकका मधेस प्रदेश कार्यालयका प्रमुख शिबराम मिश्रले एक तोला सुन उपहार विजेता राजुकुमार के.सी.लाई हस्तान्तरण गरेका थिए ।

सो हस्तान्तरण कार्यक्रममा बैंकका सिटी अफिस बीरगञ्ज शाखाका शाखा प्रवन्धक होमनाथ दाहाल, आदर्शनगर शाखाका शाखा प्रवन्धक रामबाबु कुमार



लगायत बैंकका अन्य कर्मचारीहरुको उपस्थिति रहेको थियो । उक्त कार्यक्रममा उपहार विजेता राजुकुमार के.सी.ले नेपाल बैंक लिमिटेडको मोबाइल बैंकिङ्ग एप प्रयोग गरि विभिन्न कारोबार गर्दा उपहारस्वरुप सुन पाउँदा आफूलाई धेरै खुशी लागेको तथा आफ्ना साथीभाई, नातागोता र छरछिमेकीलाई समेत नेपाल बैंक लिमिटेडको मोबाइल एप प्रयोग गर्न सुझाब दिने व्यक्त गरे ।

त्यसैगरि नेपाल बैंक लि.का मधेस प्रदेश कार्यालयका प्रमुख शिबराम मिश्रले उपहार बिजेतालाई बधाई दिंदै नेपाल बैंकको मोवाइल बैंकिङ्ग प्रयोग गर्ने ग्राहकहरुको संख्या दिनप्रतिदिन उल्लेख्यरुपमा बढ्दै गएको जानकारी गराउँदै प्रभावकारी ग्राहकसेवा दिन बैंक प्रतिबद्ध रहेको बताए । नेपालभरि २१३ शाखाहरु, १४८ वटा एटिएम र ४९ वटा एक्सटेन्सन काउण्टर लगायत करिब २५०० कर्मचारीहरुबाट बैंकिङ्ग सेवा प्रदान गरिरहेको नेपाल बैंक आज नेपालको स्वस्थ र सबल बैंकको रुपमा अगाडि बढिरहेको छ । पछिल्लो समय आधुनिक प्रविधि अवलम्बन र ग्राहक सेवामा व्यापक सुधार गर्दै तिब्ररुपमा व्यवसाय विस्तार गर्न सफल यस बैंकप्रतिको विश्वासको कारण नेपाल बैंक सबै पुस्ताका नेपालीहरुको प्रमुख रोजाइको बैंक बन्न पुगेको छ ।

# खल्ती मार्फत ब्लुबुक नवीकरण गर्न सकिने

काठमाडौ । नेपालको प्रचलित अनलाइन भुक्तानी सेवा प्रदायक खल्ती ले आफ्ना निजी सवारी साधन भएका प्रयोगकर्ताहरुको लागि खल्ती डिजिटल वालेट प्रयोग गरि ब्लुबुक नवीकरण शुल्क तिर्ने सुविधा ल्याएको छ । आफ्नो ब्लुबुकको शुल्क बिना कुनै झन्झट अनलाइनवाट बेलैमा तिर्न मिल्ने गरि खल्तीले आफ्नो एप मार्फत यो सेवा प्रदान गर्न शुरु गरेको हो । अहिले बागमती प्रदेशका खल्ती प्रयोगकर्ताहरुले यस सेवाको लाभ उठाउन सक्ने भए तापनि आगामी दिनमा यो सुविधा देशभरि उपलब्ध गराइने उल्लेख गरेको छ । प्रयोगकर्ताहरुले भुक्तानी गर्नु पुर्व सर्वप्रथम आफ्नो सवारीको सम्पूर्ण आवश्यक




विवरणहरू अनलाइन भेहिकल रजिष्ट्रेसन सिस्टम (भीआरएस) मा दर्ता गर्नुपर्ने हुन्छ । यो कार्य नागरिक एप या यातायात व्यवस्थापन सूचना प्रणाली (टि यम आइ यस) को वेबसाइट मार्फत सहजै गर्न सकिन्छ । यसरी गरिएको दर्ता नेपाल सरकारद्वारा मान्यता प्राप्त हुन्छ । एक पटक दर्ता प्रक्रिया पूरा भएपछि प्रयोगकर्ताहरूले अब निम्न चरणहरू प्रयोग गरेर नवीकरण ब्लुबुक भर्न सक्छन् । नयाँ प्रयोगकर्ता या पहिलो पटक यो सेवा प्रयोग गर्न लाग्नुभएका महानुभावहरूलाई कुनै अन्योल नहोस् भनेर स्याम्पल बिल पनि उपलब्ध एप मै उपलब्ध गराइएको छ । भुक्तानी गर्न साथ आफूले नवीकरण गरेको ब्लुबुकको बिल तुरुन्तै khalti मा प्राप्त हुनेछ भने VRS द्वारा उपलव्ध गराईने बिल प्रयोगकर्ताहरुले १० मिनेटमा खल्ती बाटै प्राप्त गर्नेछन् । खल्ती होमपेजको ट्रान्ज्याक्शन मा गइ दुबै बिल प्राप्त गर्न सकिन्छ । थप प्रक्रियाको लागि तपाईले ३० दिन भित्र सम्बन्धित सरकारी कार्यालयमा गई प्राप्त औपचारिक बिल पेश गर्नुपर्ने छ ।

# महालक्ष्मी विकास बैंकद्वारा फर्निचर सहयोग


महालक्ष्मी विकास बैंकले कैलारी उद्योग बाणिज्य संघको कार्यालयलाई विभिन्न फर्निचरका सामग्री सहयोग गरेको छ । बैंकले आफ्नो एक शाखा, एक सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत सो सहयोग गरेको जनाएको छ । सो




शाखाले उद्योग वाणिज्य संघको कार्यालयलाई अफिस टेबल, दराज, सोफा र कुर्सीलगायतका सामग्री हस्तान्तरण गरेको हो । उक्त फर्निचर सामान कैलारी गाउँपालिकाका प्रमुख लाजुराम चौधरीमार्फत कैलारी उद्योग वाणिज्य संघका अध्यक्ष नेपालु चौधरीलाई हस्तान्तरण गरिएको बैंकले जनाएको छ ।

# लक्ष्मी बैंकको ११ औं एक्स्टेन्सन काउण्टर विस्तार

काठमाडौ । लक्ष्मी बैंकले आफ्नो संजाल विस्तार गर्ने क्रममा आफ्नो एघारौं एक्स्टेन्सन काउण्टर रुकुम पश्चिमको त्रिवेणी गाँउपालिकास्थित झुलनेटामा स्थापना गरेको छ । उक्त नयाँ एक्स्टेन्सन काउण्टरको स्थापना सँगै लक्ष्मी बैंकको संजाल ५० जिल्लामा १४१ शाखा, ११ एक्स्टेन्सन काउण्टर, ५ हस्पिटल




सेवा काउन्टर, १७२ एटिएम, २५०० भन्दा बढि रेमिटेन्स् एजेन्ट तथा ६३ शाखा रहित बैंकिङ्ग एजेन्टहरु पुगेको बैकले जनाएको छ ।

यसको साथ लक्ष्मी बैंकले आफ्नो सेवा अझ सुदृढ अनि व्यापक बनाउने विश्वास राखेको छ । सुविधाजनक बचत खाता योजना, मुद्दती निक्षेप योजना, घर तथा सवारी कर्जा, साना व्यवसायी कर्जा, लघुवित्त, लगायतका वित्तीय सेवाहरुको बढ्दो मागलाई पूरा गर्न बैंकले नयाँ तथा वित्तीय पहुँच नपुगेका क्षेत्रहरुमा सक्रिय रुपमा सेवा विस्तार गर्दै आएको छ ।

यो एक्स्टेन्सन काउण्टरको विस्तार सँगै बैंकले ग्राहकहरुलाई उनीहरुकै रोजाईको माध्यम अर्थात शाखा कार्यालय, इन्टरनेट बैंकिङ्ग वा मोवाईल बैंकिङ्ग सेवा प्रदान गरी शहरी तथा अर्ध शहरी क्षेत्रमा आफ्नो ब्राण्ड र ग्राहकलाई अझ सशक्त पार्ने नीति अनुरुप महत्वपूर्ण फड्को मार्ने विश्वास रहेको बैकको भनाई रहेको छ ।

# 'नेपाल लाइफ आइइन्स्योर' जीवन बीमा योजना यस्तो छ

काठमाडौ । नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले बजारको माग र आवश्यकतालाई मध्यनजर गरी सबैमा जीवन बीमाको पहुँच पुर्‍याउने उद्देश्यका साथ विभिन्न विशेषताहरु रहेका जीवन बीमा योजनाहरु ल्याउने गरेको छ । यसै




सन्दर्भमा नेपाल लाइफले नेपाल लाइफ आइइन्स्योर जीवन बीमा योजना ल्याएको सर्वाजानिक गरेको छ । प्रत्येक ब्यक्तिले आफु रहँदा पनि र आफु पछि पनि आफ्नो परिवारको उज्जवल भविश्यको परीकल्पना गरेको हुन्छ । तर जीवन अनिश्चित छ,कुनै पनि समयमा घट्न सक्ने अकल्पनिय घटनाले पारिवारीक जीवनशैलीलाई नै परिवर्तन गर्छ । सबै ब्यक्तिलाई आफूपछि परिवारमा आर्थिक संकट नपरोस् र आफूले गरेको लगानीको पनि सुनिश्चिता होस् भन्ने चाहना हुन्छ । यहि चाहना पूरा गर्न नेपाल लाइफ इन्स्योरेन्स कम्पनीले न्यून लगानीमा अधिक जोखिम बहन गर्नुको साथै आफूले गरेको लगानीको पनि सुनिश्चतता हुने नेपाल लाइफ आइइन्स्योर जीवन बीमा योजना ल्याएको कम्पनीले जानकारी दिएको हो । नेपाल लाइफ आइइन्स्योर जीवन बीमा योजना मुनाफामा सरिक नहुने म्यादी जीवन बीमा योजना हो । १८ वर्षदेखि ६० वर्ष उमेर समुहका व्यक्ति यो जीवन योजनामा सामेल हुन सक्नेछन् । न्यूनतम ५ वर्षदेखि अधिकतम २५वर्र्षसम्मको बीमा अवधि लिन सकिने आइइन्स्योर जीवन बीमामा बीमा समाप्ति अधिकतम उमेर भने ६५ वर्ष कायम गरिएको छ । आफ्नो आम्दामी वा सुविधाका आधारमा वार्षिक, अर्धवार्षिक , त्रैमासिक , मासिक र एकमुष्ठ तरिकाले बीमा शुल्क भुक्तानी गर्न सकिने छ । न्यूनतम बीमाङ्क रकम रू.१,००,०००/-(एक लाख) देखि अधिकतम बीमाङ्क रकमरू. १०,०००,०००/-(एक करोड) सम्मको बीमा गर्न सकिने उल्लेख छ ।

# सिद्धार्थ बैंकका ग्राहकलाई कलार्क्स रिसोंटमा २0% सम्म छुट

सिद्धार्थ बैंक लिमिटेड र वीरगञ्जको गण्डकस्थित कलार्क्स रिसोंटबीच बैंकका ग्राहक महानुभावहरुलाई विभिन्न सेवामा छुट प्रदान गर्ने सम्बन्धी सम्झौता भएको छ । उक्त सम्झौता पत्रमा सिद्धार्थ बैंकका तर्फबाट वीरगञ्ज शाखाका शाखा प्रबन्धक बाबुराम न्यौपाने र कलार्क्स रिसोंटका तर्फबाट महाप्रबन्धक राजेश रन्जनले हस्ताक्षर गरेका हुन् । उक्त सम्झौता अनुसार बैंकका ग्राहकहरुले कलार्क्स रिसोंटमा डेबिट, क्रेडिट तथा प्रिपेड कार्ड, मोबाईल बैंकिङ्ग वा इन्टरनेट बैंकिङ्ग प्रयोग गरे बापत होटल बसाई सेवाको भुक्तानी गर्दा २०५ सम्मको छुट र रेस्टुरेन्ट, खाना तथा पेय पदार्थ सेवाको भुक्तानी गर्दा १५५ सम्मको छुट प्राप्त गर्न सक्नेछन । यस सुविधाले ग्राहकहरुलाई छुटको सुविधा उपलब्ध गर्नुका साथै नगद कारोबारबाट डिजिटल कारोबार गर्न जान उत्प्रेरित गर्ने विश्वास बैंकले लिएको छ ।

## अर्थ संसार

# अजोड ईन्स्युरेन्सको चौथो सारधरणसभा सम्पन्न

काठमाडौ । अजोड ईन्स्योरेन्स लिमिटेडले यहि मिति २०७८/११/०६ गते आफ्नो चौथो वार्षिक साधारण सभा सम्पन्न गरेको छ । कम्पनीले चालु आ.व. २०७८/०७९ को पुष मसान्त सम्म बीमा व्यवसाय अभिबृद्धिका लागि देशभर आफ्नो शाखा सञ्जाल विस्तार गरी प्रधान कार्यालय लगायत ७ वटा प्रादेशिक कार्यालय, २७ वटा शाखा, २४ वटा उपशाखा कार्यालयहरु, १० बीमा एक्टेन्सन काउण्टर र ३ वटा तेश्रोपक्ष बीमा काउण्टरहरुवाट सेवा प्रदान गर्दै आइरहेको साधरणसभामा जानकारी दिएको थियो ।




कम्पनीले भनेको छ । थप २ शाखा ठमेल काठमाण्डौ, टोखा काठमाण्डौ र १ उपशाखा बाग्लुङ्गमा कार्यालय खोल्न बीमा समितिबाट स्वीकृति प्रदान गरिएको छ । हाल विश्वव्यापी रुपमा फैलिएको कोरोना भाईरस तथा सोको कारणबाट भएको असर ले समग्र अर्थतन्त्रमा परेको नकरात्मक प्रभावका बावजुद कम्पनीले आ.व. २०७७/०७८ मा कुल बीमा शुल्क रु.१.३१ अर्व आर्जन गरेको, खुद नाफा रु.१०.२० करोड रहेको र बीमाकोषमा रु. ११.२१ करोड संचित रहेको र अघिल्लो वर्षको तुलनामा कुल बीमाशुल्क संकलनमा ४८.९८% खुद नाफामा ६०.३३%, एवं बीमाकोषमा ७९.८२ % ले वृद्धि हासिल गर्न सफल भएको उल्लेख गरेको छ ।

सञ्चालक समितिले गरेका निर्णयहरु पनि सार्वजानिक गरेको छ ।

१) संचालक समितिको तर्फवाट अध्यक्षज्यूद्वारा प्रस्तुत आ.व. २०७७०७८ को चौथो वार्षिक प्रतिवेदन उपर छलफल गरि सो लाई पारित गरेको ।

२) लेखापरीक्षकको प्रतिवेदन सहित कम्पनीको आ.व. २०७७/०७८ को वासलात, नाफा नोक्सान हिसाब, आय व्यय हिसाब तथा नगद प्रवाह विवरण र सो सँग सम्बन्धित अनुसूचिहरु सहितको वित्तीय विवरण उपर छलफल गरि सो लाई पारित गरेको ।

३) कम्पनी ऐन, २०६३ को दफा १११ बमोजिम कम्पनीको आ.व.२०७८/०७९ को बाह्य लेखापरीक्षण गर्न लेखापरिक्षकमा मदन निरौला एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्ट्सलाई नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गरेको उल्लेख छ ।

# एनआईसी एशिया बैंकद्वारा बचत खातामा उपलब्ध घातक रोग बीमा रकम भुक्तानी

एनआईसी एशिया बैंकले 'न्यू प्रिमियम सुपर चमत्कारिक बचत खाता' योजनामा उपलब्ध रू. १० लाख बराबरको घातक रोग बीमा रकम एक जना खातावालालाई भुक्तानी गरेको छ । जसअनुसार यस बैंकको काठमाडौंस्थित बत्तीसपुतली शाखामा न्यू प्रिमियम सुपर चमत्कारिक बचत योजना अन्तर्गतको 'डायमण्ड श्रेणी' को खाता खोलेका भिमसेनगोला, काठमाडौं निवासी ३६ वर्षीय श्यामप्रसाद पन्तलाई घातक रोगको उपचार बीमा वापत रू. १० लाख बीमा रकम भुक्तानी गरिएको हो । निजलाई यस बैंकको सहायक प्रमुख कार्यकारी अधिकृत सन्तोषकुमार राठीले उक्त रकम बराबरको चेक हस्तान्तरण गरे । निज खातावालालाई नेको इन्स्योरेन्ससँगको सहकार्यमा उक्त बीमा रकम भुक्तानी गरिएको छ । यस बैंकको बीमासहितको बचत खाताअन्तर्गत हालसम्म देशभरका ७०० जनाभन्दा बढी ग्राहकले बीमा वापत रू. ४ करोड ३० लाखभन्दा बढी रकम प्राप्त गरिसकेका छन् । आम जनमानसको बैंकिङ्ग आवश्यकता, चाहना तथा अपेक्षालाई समुचित पहिचान गरी तथा बजारको सूक्ष्मरुपको अध्ययन तथा विश्लेषण गरी बैंकको निक्षेप योजनाहरूलाई सोही अनुरुप निरन्तररुपमा थप ग्राहकमैत्री, प्रभावकारी तथा बैंकिङ्ग क्षेत्रकै सर्वश्रेष्ठ फाइदाहरूले भरिपूर्ण हुने सुनिश्चित गर्दै जाने यस बैंकको नीति तथा रणनीति रहेअनुरुप बैंकले हाल लिएर आएको 'सर्वश्रेष्ठ बचत खाता' योजनाको गुडविल एम्बेसडर श्रेणी अन्तर्गत ५ वर्षको लागि खातावाला एवं निजले मनोनित गरेका ३ अन्य व्यक्तिहरूको प्रतिव्यक्ति रू. २१ लाखसम्मको गरी कुल रू. ८४ लाखसम्मको बीमा फाइदाको व्यवस्था गरिएको छ । साथै, यस निक्षेप योजना अनुसार ग्राहकहरूले प्राप्त गर्ने ३ बीमासम्बन्धी फाइदाहरू, ३ कर्जा सम्बन्धी फाइदाहरू लगायत डेबिट कार्ड, मोबाइल बैंकिङ्ग, इन्टरनेट बैंकिङ्ग, क्रेडिट कार्ड, प्रिपेड डलर कार्ड, डिम्याट खाता, मेरो शेयर खाता, ई-कमर्श नवीकरण, चेक क्लियरिङ, लकर सेवा, एटिएम लगायत १८ अन्य अतुलनीय सर्वश्रेष्ठ फाइदाहरू नेपालको बैंकिङ्ग क्षेत्रमै पहिलो पटक ५ वर्षको लागि पूर्ण रुपमा निःशुल्क रहने व्यवस्था बैंकले गरेको छ । बैंकलाई आम जनमानसले गरेको प्रगाढ विश्वास, अगाध स्नेह र बैंकप्रतिको भरोसाले गर्दा यो बैंक मुलुकभर रहेका ३५८ शाखा कार्यालयहरू, ४७३ एटिएम, ७६ वटा विस्तारित काउन्टर एवं ८१ वटा शाखारहित बैंकिङ्गमार्फत् बैंकिङ्ग सेवा प्रदान गर्ने मुलुककै सबैभन्दा ठूलो शाखा सञ्जाल भएको बैंक हुन पुगेको छ । देशको कुल जनसंख्या मध्ये २० वर्ष देखि ५० वर्ष उमेर समूहसम्मको आर्थिकरूपमा सक्रिय जनसंख्याको करिब २५% जनतालाई यस बैंकमार्फत सेवा दिन बैंक सफल भएको छ । उत्तरदायी बैंकिङ्गको अभ्यास गर्दै आएको यस बैंकले प्रत्यक्ष र अप्रत्यक्ष गरी गत आर्थिक वर्षमा करिब रू.२ अर्ब ८३ करोड भन्दा बढी राजश्व नेपाल सरकारलाई भुक्तानी गरिसकेको छ । जुन मुलुकको वाणिज्य बैंकहरूमध्ये दोस्रो धेरै एवं समग्र देशको अन्य कम्पनीहरूको तुलनामा छैठौं ठूलो योगदान रहेको छ । वित्तीय समावेशीकरणका लागि मुगु, कालिकोट, बझाङ, रूकुम, जुम्ला, सल्यान जस्ता बैंक तथा वित्तीय संस्थाहरूको उपस्थिति न्यून रहेका दुर्गम जिल्लाहरूमा तथा कुनै पनि बैंक तथा वित्तीय संस्थाहरू नपुगेको ३४ भन्दा बढी स्थानीय निकायहरूमा शाखा विस्तार गरी सञ्चालन गर्दै आइरहेको छ ।

जन आकाश
Jana Aakash National Weekly
राष्ट्रिय साप्ताहिक



# एमसीसी कर्मचारीतन्त्र र सरकारको रुचि

**आहुति**

प्रधानमन्त्री शेरबहादुर देउवा र माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले संयुक्त पत्र पठाएर एमसीसी सम्झौता संसद्बाट पारित गर्न म्याद मागेका पाँच महिना बित्नै लाग्दा यस विषयसँग सम्बन्धित घटनाक्रमहरू र क्रियाप्रतिक्रियाहरू तीव्र रूपमा सतहमा प्रकट छन । यो विषय अब एक स्तरमा अन्तर्राष्ट्रिय हुन पुगेको छ ।

एमसीसीले सम्झौतालाई पारित गर्न दिएको अवधि सम्झाउन नेपाल सरकारलाई पठाएको पत्र सार्वजनिक हुने क्रमसँगै पाँच महिनाअघि एमसीसीलाई पठाएको पत्र पनि सार्वजनिक भयो । त्यसले विशेषतः नेकपा (माओवादी केन्द्र) भित्र ठूलो खैलाबैला उत्पन्न गर्‍यो र त्यस पार्टीको मुख्य नेतृत्व पंक्तिमाथि ठोस धारणा बनाउन पार्टीभित्र ठूलो दबाब सृजना हुन पुग्यो । बितेका तीन हप्तामा एमसीसी सम्झौताको विरोधमा रहेका कम्युनिस्ट पार्टी तथा विभिन्न देशभक्त समूहहरूले सडक संघर्षलाई लगातार अगाडि बढाएका छन । संसद्वादी पार्टीभित्रका एमसीसीको विपक्षमा रहेका व्यक्तित्व र समूहहरूले पनि आफूलाई तीव्रतामा अभिव्यक्त गरिरहेका छन । सत्ताधारी गठबन्धन संकटग्रस्त बनेको छ । माओवादी केन्द्र र एकीकृत समाजवादीले यथास्थितिमा एमसीसी पारित गर्न नसकिने भनी राखेको अडानपश्चात् गठबन्धन संकटग्रस्त बनेको स्पष्टै छ । ती दुई पार्टीले आफ्ना भ्रातृ संगठनलाई एमसीसीको विरोधमा सडकमा जानसमेत अनुमति दिएपछि उनीहरूको अडानले नयाँ उचाइ प्राप्त गरेको हो । तर सत्ताको लालसामा माओवादी केन्द्र र एकीकृत समाजवादी पार्टीले मुख छोप्ने कुनै टालोको खोजी गर्दै घुमाएर कान नसमात्लान् भन्ने ग्यारेन्टी भैसकेको भने छैन । नेपाली कांग्रेस र महन्थ ठाकुर नेतृत्वको पार्टी मात्र सिंगै एमसीसीको समर्थनमा देखिएका छन । जनता समाजवादी पार्टी अघोषित रूपमा बाबुराम भट्टराई र उपेन्द्र यादव खेमाका रूपमा एमसीसीको पक्षविपक्षमा उभिएका छन । संसद्मा रहेका राष्ट्रिय जनमोर्चा, नेमकिपा र राप्रपा पनि खुलेरै उक्त सम्झौताको विरोधमा उत्रिएकै छन । यस प्रकार यतिखेर देशको सिंगै राजनीतिक क्षेत्र र नागरिक समाज एमसीसी कम्प्याक्टलाई लिएर ध्रुवीकृत हुन पुगेको छर्लंगै छ । यस्तो ऐतिहासिक ध्रुवीकरणको संगीन माहोलमा पनि प्रमुख प्रतिपक्षका रूपमा रहेको नेकपा (एमाले) ले आफ्नो प्रस्ट धारणा अघि सारेको छैन । एमसीसी संसद्बाटै पारित गरेर विशेष स्थान दिलाउने प्रपञ्चको रचयिता एमाले सधैंभरि त्यसको पक्षमा थियो । फातिमा सुमारलगायतका एमसीसीका अधिकारीको नेपाल भ्रमणमा उसले सम्झौता पारित हुन अरूले रोकेका हुन् भन्दै आफ्नो पक्षधरता प्रस्ट पारेकै थियो । तर यतिखेरको निर्णायक घडीमा एमालेले आफूलाई 'रिजर्भ' राख्नु कुनै कोणबाट पनि जायज मान्न सकिँदैन । यो विषय संसदीय सरकार बनाउने र गिराउने नाफाघाटाको मात्र हुन्थ्यो भने त्यो बेग्लै कुरा हुन्थ्यो, यो त राष्ट्रिय स्वाधीनता र अन्तर्राष्ट्रिय रूपमा शक्तिराष्ट्रहरू बीचको जुधानको भुमरीसँग जोडिएको हुनाले एमालेको फगत सत्ता समीकरणमा आधारित अहिलेको रवैया कदापि वैचारिक तथा क्षम्य मान्न सकिँदैन ।

आजको विश्व दोस्रो शीतयुद्धमा क्रमशः प्रवेश गरेको देख्न धेरै गहिरिनुपर्ने अवस्था छैन । विगत तीन हप्तामा एमसीसीसँग सम्बन्धित विषयमा आएका गम्भीर प्रकृतिका अन्तर्राष्ट्रिय प्रतिक्रियाहरूले नेपालका सन्दर्भमा एमसीसी कम्प्याक्ट अब त्यही शीतयुद्धको भुमरीमा लपेटिन थालेको देख्न सकिन्छ । अमेरिकी सहायकमन्त्री डोनाल्ड लुद्वारा नेपालका तीन नेतासँग गरिएको फोनवार्ता जति हैन भने पनि त्यो कूटनीतिक धम्की नै थियो, धम्की हुँदैनथ्यो भने नेपाल-अमेरिका मैत्री सम्बन्धमाथि नै पुनर्विचार गर्न सकिने र चीनका कारण एमसीसीमा समस्या आएको ठान्ने प्रसंग जरुरी नै थिएन । देशव्यापी एमसीसीको खारेजीका निम्ति शान्तिपूर्ण आन्दोलन भइरहँदा नेपालका लागि अमेरिकी राजदूतले नितान्त अप्रासंगिक रूपमा एमसीसीका सम्बन्धमा 'हिंसा मान्य छैन' भन्ने मन्तव्य सामाजिक सञ्जालमा जारी गरे । नेपालमा यतिखेर एमसीसीको खारेजी चाहने कुनै पनि राजनीतिक समूह हिंसात्मक गतिविधिमा छैन । विगतमा नेत्रविक्रम चन्द नेतृत्वको नेकपालाई हिंसाकारी भनेर प्रतिबन्ध लगाउनु गलत स्विकारेर सरकारले सम्झौता गरेको अवस्था चलिरहेको छ र त्यो पार्टी नितान्त शान्तिपूर्ण गतिविधिमा छ । आन्दोलनका गतिविधि कतै पनि हिंसात्मक भइरहेका छैन । कुनै पनि समूह हिंसात्मक रूपमा एमसीसीको विरोधमा नभएका बेला अमेरिकी राजदूतको उक्त वक्तव्यले विषयलाई अन्यत्र मोड्न खोजेको कम्तीमा बुझ्नुपर्ने हुन्छ, बढीमा कुनै हिंसात्मक प्रायोजित गतिविधि त मञ्चन हुँदै छैन भनेर गम्न बाध्य पार्छ । यो प्रसंग नेपालका आम जनता गम्भीरतापूर्वक झस्किनुपर्ने खालको छ किनकि यो साधारण छैन । अमेरिकी सहायकमन्त्री र दूतावासको यस प्रकारको प्रस्तुतिलगत्तै चीनका विदेश मन्त्रालयका प्रवक्ता वाङ वन पिनले नेपालमा अमेरिकाको 'बलजफ्ती कूटनीति' को खुलेर विरोध गर्दै त्यसको प्रतिरोध गर्ने बताए । अमेरिका र चीनका यी तिखा अभिव्यक्तिहरूबाट नेपाल अत्यासलाग्दो भुमरीमा फस्दै गएको आभास सजिलै मिल्छ । अमेरिका र चीन एमसीसीको नेपाल प्रकरणमा अब आमनेसामने हुन थालेपछि क्षेत्रीय शक्तिको अभिमानमा रमिरहेको भारत कतिन्जेल चुप बस्ला त ? लामो समय भारत निरीहझैं चुप बस्न सक्नेछैन । यसरी हेर्दाहेर्दै एमसीसी कम्प्याक्टको नेपाल प्रकरण शक्ति राष्ट्रहरूबीचको द्वन्द्वको विषय बनिसकेको छ । यो अनुदान वा लगानीभन्दा धेरै पर पुग्दै छ, नेपालका संसद्वादी पार्टीहरूले सोचेजस्तो सामान्य चलनचल्तीको विदेशी सहयोगको परिधिबाट बाहिर निस्किसकेको छ । देशमाथिको दूरगामी खतरा घण्ट बजाएर आउने त होइन । त्यसैले देशको प्रत्येक क्षेत्रका जिम्मेवार नागरिकले सर्वाधिक सचेत हुनैपर्ने संगीन अवस्था उपस्थित भएको छ । विश्वका ठूला सैन्य शक्तिबद्ध देशहरूको स्वार्थको टकराव एमसीसीमार्फत नेपालमा आइसकेको आजको अवस्थामा अब 'बृहत् नागरिक समाज' र जातीय लगायतका संगठनहरूले पनि आफ्नो पक्षधरता व्यक्त गर्नैपर्ने भएको छ । त्यसै गरी पत्रकार महासंघ लगायतका तमाम पेसागत संघसंगठनहरू पनि बहसमा भाग लिन अगाडि आउनैपर्छ । किनभने यो विषय केवल राजनीतिक क्षेत्रको रहेन बरु सिंगो देशको हो भन्ने प्रस्ट भइसकेको छ । यो सत्य हो कि नागरिकहरूको ठूलो संख्या पार्टीबद्ध भएकाले आफ्नो पार्टीको मत अनुसार नै सोचिरहेका हुन्छन् तर नेपाली सबैले बुझ्केकै कुरा हो, देशकै सवाल दाउमा लाग्दा पार्टी मात्र निर्णायक हुन सक्दैन । पार्टी त बन्छ भत्किन्छ अनि फेरि बनाउन सकिन्छ । तर देश शक्तिराष्ट्रहरूको किचलोको भुमरीमा फस्यो भने त देशकै अस्तित्वसमेत खतरामा पर्नेछ भन्ने यथार्थ सिद्ध छ । त्यसैले हरेक नेपाली नागरिकले एउटा नयाँ उचाइमा देशभक्त भएर घोत्लिनुपर्ने समय आएको छ ।

आजको प्रचलित राजनीतिक व्यवस्थामा राज्यले केकस्ता सन्धि( सम्झौता गर्दै छ भनेर आम जनतालाई थाहा हुँदैन । अन्तर्राष्ट्रिय स्तरमा सन्धिसम्झौता गर्नुपूर्व आम नागरिकमा जानकारी हुनुपर्छ भन्नेबारेमा बौद्धिक विमर्श पनि जन्मिसकेको छैन । अहिले संसद्ले एमसीसी अनुमोदन गर्नुपर्छ भनिएको छ । चुनिएका सांसद र पार्टीहरू कुनैका पनि घोषणापत्रमा एमसीसी थिएन । तब यो संसद् र सांसदहरूले कसरी एमसीसीबारे निर्णय गर्ने नैतिक ल्याकत राख्छन ? उनीहरूले दिने मत जनअनुमोदित नै मान्न सकिन्छ त ? यस्ता प्रणालीगत विषयमा बहस चल्न ढिला भइसकेको छ, यो एउटा गम्भीर पाटो छँदै छ । एमसीसी सम्झौता कर्मचारीतन्त्र र सरकारका खास व्यक्तिहरूको रुचि, स्वार्थ र बुझाइबीचबाट हुन पुग्यो । धेरै पछि मात्र नागरिक सरोकारवरपर त्यसका सूचनाहरू चुहिँदै आइपुगे । के नेपालको राज्यले आमनागरिकलाई यसबारे सुझबुझ राख्न अपिल गर्‍यो र कहिले ? आज सम्झौताको विरोधमा उत्रिएका नागरिकहरूका टाउका राज्य दमनद्वारा फुटाइँदै छन् तर के यति ठूलो अन्तर्राष्ट्रिय बवन्डर बन्ने सम्झौताबारे नागरिकलाई सूचना पनि नदिने अनि विरोधमा बोल्ने नागरिकमाथि दमन गर्ने राज्यसँग नैतिक अधिकार ? लोकतन्त्रको यो पक्षमा पनि बौद्धिक बहस थाती नै छ । बिस्तारैबिस्तारै चुहिँदै आएको सूचनामाथि टेकेर सचेत बौद्धिकहरू र देशभक्त क्रान्तिकारीहरूले एमसीसीको समग्र पक्षको गहिराइमा अध्ययन गर्दै गए । त्यसपछि नै विवाद र विरोधले सतहमा आकार लिएको हो । एमसीसी अमेरिकाजस्तो शक्तिशाली मुलुकले कानुन नै बनाएर अघि सारेको योजना हो । स्वाभाविक रूपमा त्यसलाई नेपालमा सम्पन्न गर्न अमेरिकासँग रहेको समग्र बौद्धिकी प्रयोग हुनु नै थियो । त्यसैले त विद्युत् नियमन आयोग ऐन पारित भइसक्दा र एमसीए-नेपाल गठन भई मासिक सोह्र लाख त भाडा मात्र तिर्ने गरी पाँचतारे होटलमा अफिस चलिरहँदासमेत गम्भीर प्रश्नवाचक समाचारहरू जनस्तरमा व्यापक बन्ने वातावरणसम्म बन्न सकेन । शक्तिराष्ट्रहरूको जुधान हुन सक्ने यस परियोजनाको पक्षमा पैरवीका निम्ति बौद्धिक तयारी नगरिएको हुने कुरै भएन । जब नेपालका देशभक्त बौद्धिकहरू तथा क्रान्तिकारी शक्तिहरूले सम्झौताका घातक सन्दर्भहरूलाई आम नागरिकबीच प्रसार गर्न थाले, त्यसपछि उनीहरूलाई 'विषय नबुझेको', 'धेरै जान्ने पल्टेको', यहाँसम्म कि 'अंग्रेजी नबुझ्ने' को सम्मका आरोपको हल्लाबाजी गरियो । एमसीसी एकदम दुरुस्त ठीक छ भनी वकालत गर्ने बुद्धिजीवीहरूले त्यस्तो किन गरे होलान ?

प्रश्नचिह्न ठूलै उभिएको छ । यो प्रश्न यसकारण पनि जायज छ कि इतिहासमा ठूलठूला विपत्ति र गुलामी बौद्धिक गुलामीको सानो सुरुङबाट प्रवेश गरेरै झाँगिएका थिए । हाम्रो जस्तो देशमा बौद्धिक मध्यमवर्गको ठूलो हिस्साको निर्माणमा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको ठूलो भूमिका भएको सन्दर्भले एमसीसीको बौद्धिक वकालतलाई केकति प्रभाव पारेको छ भन्ने विषयमा नयाँ पुस्ताले अनुसन्धान गर्नैपर्ने भएको छ ।

कतिपय बौद्धिकलाई यो पनि लाग्यो कि चिनियाँ बीआरआई परियोजनालाई चाहिँ सहर्ष स्विकार्ने तर एमसीसीको मात्र विरोध किन ? यो प्रश्न गलत छैन । नेपालका कतिपय संसद्वादी पार्टीका नेताले चिनियाँ बीआरआई परियोजनालाई नयाँ युगको प्रारम्भसम्म भनेकै हुन् तर त्यो आम देशभक्त नेपालीको निष्कर्ष त कदापि होइन । चिनियाँ बीआरआई परियोजनाले नेपाल र नेपालको विश्व सम्बन्धमा के प्रभाव पार्छ भनी गम्भीर नागरिक अध्ययन नगरी त्यसलाई स्वागत गर्न कदापि सकिन्न । यो पक्का कुरा हो । त्यति मात्र होइन, अहिले एमसीसीका सन्दर्भमा चिनियाँ अभिव्यक्तिलाई पनि स्विकार्न सकिन्न, चीनले नेपाली जनताको निर्णयलाई सर्वोपरि मान्न सक्नुपर्छ । एमसीसी स्विकार्ने वा नस्विकार्ने नेपाली जनताको विषय हो, नेपालमार्फत चीनको अहित हुन नदिन सोच्ने जिम्मेवारी पनि नेपाली जनताको हो । अहिलेसम्म चीन नेपालको मूलतः असल छिमेकी हो, यसको मतलब यस्तो त हुन सक्दैन कि चीनले नेपालको आत्मनिर्णयमाथि नै प्रभाव पार्न सुरु गरोस । छिमेकी असल हुनु सर्वोत्तम हो, तर छिमेकी खराब हुन थाल्यो भने कति दुःख झेल्नुपर्छ भन्ने कुरा नेपालीले सबैभन्दा गतिलो गरी बुझेको यथार्थ हो । विदेशी सहयोगबिना कसरी चल्छ र भन्ने बुझाइ थुप्रै नागरिक र बौद्धिकको समेत बन्न पुगेको छ ? लामो समयको देशभित्रको बेथितिले गर्दा विदेशी सहयोग लिनैपर्ने वर्तमान अवस्था छ, यो यथार्थ हो । जबसम्म नेपालको व्यवस्थाले आफ्नै बलबुतामा प्रगतिको दिशा निर्धारण गर्ने क्रान्तिकारी कदम चाल्दैन, त्यो बेलासम्म यस्तो अवस्था रहन्छ नै । तर यसको अर्थ जस्तो उद्देश्यमा आधारित विदेशी सहयोग पनि लिन मिल्छ भनेर कुनै देशभक्त नेपालीले कसरी सोच्न मिल्छ र ? आज एमसीसीका कारण सुरुदेखि अमेरिका-चीन द्वन्द्वको घानमा परिने यथार्थ स्पष्ट भएको छ । यस्तो स्थितिका बावजुद एमसीसीबारे गम्भीर सतर्कता अब पनि नअपनाउनु त निकृष्ट लाचारी मात्र हुनेछ । कतिपयलाई आज पनि राजनीतिमा विरोधका लागि विरोध हुन्छ भन्ने लाग्छ । के महाकाली सन्धिको विरोध कति जायज र जरुरी रहेछ भन्ने यथार्थ आज प्रस्ट भएको छैन र ? त्यसैले सबै विरोधको राजनीति केवल सत्ताप्राप्तिको औजार हुन्न भन्ने चेतनाको प्रसार सबै क्षेत्रबाट हुनु जरुरी छ ।

चीनविरोधी खम्पा विद्रोहमा दागी बनिसकेको अमेरिकाबारे नेपाललाई शंकालु हुने अधिकार छ । यस सम्बन्धमा अमेरिकी न्यायप्रेमी बौद्धिकले पनि मुख बटार्न मिल्दैन । नेपाल-अमेरिका सम्बन्ध त्यतिमै सीमित छ पनि कसैले भनेको छैन । आज एमसीसी कम्प्याक्टका कारण नेपालको नागरिक जनमत विभाजित भयो, भूराजनीतिमा नेपाललाई अप्ठ्यारो स्थिति उत्पन्न भयो, त्यसैले एमसीसीको सट्टा अन्य प्रचलित सहयोगको परम्परा अन्तर्गत व्यवहार गरौं भनी नेपाली कांग्रेसले समेत अमेरिकासँग विनम्र कूटनीतिक बहस गर्न नमिल्ने किन ?

तत्कालै जरुरी नभइसकेको, आवश्यक हुँदा चार-पाँच वर्ष लगाएर आफैंले खर्च गर्न सक्ने परियोजनाबारे देशै विभाजित गर्नुपर्ने किन हो ? यति सरल विषयमा नेपाली कांग्रेस र एमालेभित्रका देशभक्तहरू मौन रहनुपर्ने कुनै कारण छैन । तसर्थ, विश्व शक्तिराष्ट्रहरूबीचको द्वन्द्वको घानमा नेपाललाई धकेल्ने यो एमसीसीको भुमरीबाट देशलाई अलग गर्न नेपाली कांग्रेस र एमालेभित्रका देशभक्तहरूले पनि आफ्नो भूमिका बढाउनु आजको आवश्यकता हो । सबै पार्टी र नागरिक समाजमा रहेका देशभक्तहरूले निर्णायक पहलकदमी अब लिनैपर्छ, जसरी पनि शक्तिराष्ट्रहरूबीचको द्वन्द्वको घानबाट देशलाई बाहिर निकाल्नैपर्छ । कान्तिपुर

# खेलकुद

## नेपालले ओमानलाई दियो ११८ रनको लक्ष्य

काठमाडौं । ओमानमा जारी टी-२० विश्वकप छनोटअन्तर्गत पहिलो खेलमा नेपालका ब्याट्सम्यानहरू ओमानसामू निरीह बन्दा नेपाल न्यून स्कोरमा सीमित भएको छ । टस हारेर ब्याटिङ गरेको नेपालले पूरै ओभर खेल्दै ८ विकेटको क्षतिमा ११७ रन मात्र बनाउन सक्यो । मध्यक्रममा आरिफ शेखले ३८ रन बनाउनुबाहेक अन्यले अपेक्षाकृत प्रदर्शन गर्न सकेनन् । आसिफ शेख पहिलो ओभरमै ४ रनको व्यक्तिगत स्कोरमा आउट भए । तेस्रो ओभरमा अर्का ओपनर कुशल भुर्तेल पनि ५ रनको स्कोरमा आउट भए । दुवैलाई ओमानका तीव्र बलर विलाल खानले क्याच आउट गराएका हुन् । पूर्वकप्तान ज्ञानेन्द्र मल्लले १५ रन, दीपेन्द्रसिंह ऐरीले ११, लोकेश बम १६, विवेक यादवले ७ रन जोडे । कप्तान सन्दीप लामिछाने १६ रनमा अविजित रहे । ओमानका खवार अलीले ३ र विलाल खानले २ विकेट लिए ।

## फुटबलर हरि खड्का दोषी ठहर

नेपाली राष्ट्रिय फुटबल टोलीका पूर्व कप्तान हरि खड्कालाई भ्रष्टाचार मुद्दामा विशेष अदालतले बिहीबार दोषी ठहर गरेको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दायर गरेको नक्कली शैक्षिक प्रमाणपत्र मुद्दामा फुटबलर खड्कालाई दोषी ठहर गरेको हो । अदालतले खड्काको सबै प्रमाण हेर्दा थप छानविन आवश्यक नदेखिएपछि उहाँलाई दोषी ठहर गर्दै पाँच हजार रुपियाँ जरिवाना तोकिएको पनि उल्लेख गरेको छ । अख्तियारले खड्काविरुद्ध गत माघ १२ गते मुद्दा दायर गरेको थियो । विशेष अदालतका न्यायाधिशद्वय अब्दिल अजिज मुसलमान र नित्यान्द पाण्डेको इजलासले खड्कालाई दोषी ठहर गर्ने फैसला सुनाएको हो । पूर्पक्षका लागि उपस्थित भएका खड्काको मुद्दाको पहिलो सुनुवाईमा नै विशेष अदालतले खड्कालाई दोषी ठहर गरेको हो । राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान (केन्द्रिय खेलकुद समिति) मा कार्यरत सई खडकाको आइए (प्रविणता प्रमाण पत्र तह) को शैशिक्षक प्रमाणपत्र नक्कली रहेको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेको थियो । छानविनका क्रममा दोषी ठहर गर्दै अख्तियारले खड्कविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको थियो । खड्काले माध्यामिक शिक्षा परिषद् बाराणाशी उत्तरप्रदेश भारतबाट जारी भएको शैक्षिक योग्यता (आईएको) को झुठा प्रमाणपत्र पेश गरी सोही प्रमाणपत्रका आधारमा २०५५ कात्तिक १ गते खुला प्रतिस्पर्धाबाट प्रहरी सहायक निरीक्षक (असई) पदमा नियुक्त भएको अख्तियारले दाबी गरेको थियो । प्रहरी सेवामा निरन्तर बहाल रही खड्काले २०५९ पुस १४ मा प्रहरी नायब निरीक्षक पदमा बढुवा भई नेपाल सरकारलाई हानी नोक्सानी पुऱ्याएको देखिएको पनि अदालतले ठहर गरेको छ । खड्काले ६ वर्षअघि नै प्रहरी सेजाबाट राजीनामा दिनुभएको थियो ।

## राष्ट्रिय महिला लिगको दोस्रो चरण विराटनगरमा हुने

काठमाडौं । अखिल नेपाल फुटबल संघ (एन्फा)को आयोजनामा हुने राष्ट्रिय महिला लिग फुटबलको दोस्रो चरण विराटनगरमा हुने भएको छ । एन्फा र विराटनगर महानगरपालिकाबीच बिहीबार विराटनगरमा लिग गर्ने विषयमा सम्झौता भएको हो । एन्फा अध्यक्ष कर्मा छिरिङ र विराटनगर महानगरपालिकाका मेयर भीम पराजुलीले सम्झौतापत्रमा हस्ताक्षर गरे ।

खेलहरु विराटनगरस्थित शहीद रंगशालामा हुनेछ । सम्झौता अनुसार विराटनगर महानगरपालिकाले लिगका लागि ४५ लाख रुपैयाँ प्रदान गर्नेछ । उक्त रकम लिगको शीर्ष ५ टिम तथा प्लेयर अफ द म्याच विजेता खेलाडीको पुरस्कारका लागि हो । राष्ट्रिय महिला लिगको पहिलो चरणको खेल चितवनमा गर्नका लागि एन्फा र भरतपुर महानगरपालिकबीच सम्झौता भइसकेको छ । पहिलो चरणको खेलहरू चैत दोस्रो साता सुरु हुनेछ । महिला लिगमा साविक विजेता एपीएफसहित, त्रिभुवन आर्मी क्लब, नेपाल पुलिस क्लब, विराटनगर महानगरपालिका, वालिङ नगरपालिका, चन्द्रपुर नगरपालिका, धनगढी उपमहानगरपालिका र ललितपुर महानगरपालिकाको प्रतिस्पर्धा गर्नेछन् ।

## किसुनजी स्मृति हाफ म्याराथन चैत १९ मा

काठमाडौं । नेपाल लोकतान्त्रिक खेलकुद संघ बागमती प्रदेशले नेपाली कांग्रेसका संस्थापक नेता कृष्णप्रसाद भट्टराई (किसुनजी) को स्मृतिमा आयोजना गर्ने हाफ म्याराथन चैत १९ गते हुने भएको छ । संघले सोमबार पत्रकार सम्मेलन गरी दिएको जानकारीअनुसार दोस्रो पटक आयोजना हुन लागेको यस म्याराथनमा महिला र पुरुष विधामा पहिलो हुनेले ५० हजार रुपैयाँ पुरस्कार पाउनेछन् । दोस्रो हुनेले ३० हजार र तेस्रोले हुनेले २० हजार रुपैयाँ नगद पुरस्कार पाउने संघले जनाएको छ । कार्यक्रममा खेलकुद क्षेत्रमा विशेष योगदान दिने खेलाडी, प्रशिक्षक तथा खेल पत्रकारलाई सम्मान गर्ने कार्यक्रम पनि रहेको संघको भनाइ छ । संघका अध्यक्ष दीपक गुरुङले सबैको साथ र सहयोग पाए अन्तर्राष्ट्रिय स्तरको प्रतियोगिता बनाउने योजना रहेको बताए । यस प्रतियोगिताका लागि नेपाल एथ्लेटिक्स संघबाट मौखिक रुपमा स्वीकृति पाएको गुरुङले बताए । 'मौखिक स्वीकृति पायौं, अब संघबाट अनुमति लिखित नै आउने विश्वास छ' उनले भने ।

## नेपाल-पाकिस्तान मैत्रीपूर्ण टी-२० क्रिकेट फागुन तेस्रो साता

काठमाडौं । नेपालस्थित पाकिस्तान दूतावासको आयोजनामा नेपाल-पाकिस्तान मैत्रीपूर्ण टी-२० क्रिकेट प्रतियोगिताको सातौं संस्करण मार्च २ देखि ९ (फागुन १८ देखि २६ गते)सम्म आयोजना हुने भएको छ । पाकिस्तान दूतावासले सोमबार पत्रकार सम्मेलन गरी प्रतियोगिताको मिति सार्वजनिक गरी धुम्बाराहीस्थित दूतावासको मैदानमा खेल हुने जनाएको हो । पत्रकार सम्मेलनमा विजेताले प्राप्त गर्ने ट्रफी पनि सार्वजनिक गरिएको छ । लिगकम नकआउटका आधारमा खेलाइने प्रतियोगितामा १२ टिमको सहभागिता रहनेछ । सहभागी १२ टिमलाई चार समूहमा विभाजन गरिएको छ । समूह 'ए' मा पाकिस्तान दूतावास क्रिकेट क्लब, एचके क्रिकेट क्लब र लायन क्रिकेट क्लब रहेका छन् । समूह 'बी' मा स्टार क्रिकेट एकेडेमी, बाल पार्क एकेडेमी तथा जीएचसीए रहेका छन् । समूह 'सी' मा आरएस विद्यापीठ एकेडेमी, एन्जल्स हार्ट एकेडेमी र क्रिकेट एक्सिलेन्स सेन्टर छन् । समूह 'डी' मा स्कुल अफ क्रिकेट, बालुवाटार क्रिकेट क्लब तथा नेक्सस क्रिकेट एकेडेमी रहेका छन् । चारवटै समूहका विजेता सेमिफाइनल प्रवेश गर्नेछन् ।

## ३०……

पार्टी (ज. पा.)
८ जनसमाजवादी पार्टी नेपाल
९ नेकपा (समाजवादी)
१० नेपाल आमा पार्टी
११ नेपाल जनता पार्टी
१२ नेपाल दलित पार्टी
१३ नेपाल परिवार दल
१४ नेपाल विवेकशील पार्टी
१५ नेपाल सद्भावना पार्टी
१६ नेपाल सङ्घीय समाजवादी पार्टी
१७ नेपाल समाजवादी पार्टी
१८ नेपाल समाजवादी पार्टी (लोहियावादी)
१९ नेपाल सुशासन पार्टी
२० नेपाली काँग्रेस (वी. पी.)
२१ नेपाली जनता दल
२२ बहुजन एकता पार्टी नेपाल
२३ बहुजन समाज पार्टी नेपाल
२४ मौलिक जरोकिलो पार्टी
२५ राष्ट्रिय जनमुखी पार्टी लोकतान्त्रिक
२६ राष्ट्रिय प्रजातन्त्र पार्टी
२७ विवेकशील साझा पार्टी
२८ समाजवादी पार्टी नेपाल
२९ सर्वदलीय सङ्घीय परिषद्
३० सामाजिक लोकतान्त्रिक पार्टी

लगायतले संयुक्त रुपमा निर्वाचन आयोगमा सघर्षको कार्यक्रा जारी राख्दै ज्ञापन पत्र बुझाएका हुन ।

## एमसीसी……..

अमेरिका र चीनका कुटनीतिकहरुले समेत टकरावको रुपमा वाक युद्ध चल्नुले नेपालको राष्ट्रिय स्वतन्त्र सर्वाभौमसत्ता र असंलग्न परराष्ट्र नीतिलाई नै अप्ठ्यारो पार्ने गरी टकराव देखाएका छन् ।

यही सेरोफेरोमा पुनः अमेरिकाको दुतावासले शनिवार बिज्ञप्ति जारी गर्दै एमसिसि परियोजना लिने नलिने नेपालको स्वतन्त्र सर्वाभौम जनताको अधिकार हो भनेको छ । यहि ४ दिनको वीचमा नेपाल र अमेरिका बीचमा हुन लागेको अमेरिकन च्यालेन्ज कमप्याक्ट परियोजनाको बिषयमा चीन र अमेरिकाले चासो देखाएका छन् भने नेपालका राजनीतिक पार्टीहरुले उक्त एमसिसिको वारेमा दैनिक झण्डै ५० वटाजति त विज्ञप्ति नै जारी भइरहेका छन् । सडकहरुमा आन्दोलन, जिल्ला जिल्लामा प्रदर्शन भइरहेका छन् । नेपालमा एउटा आँधी नै आउन लागेको जस्तो भान हुन पुगिसकेको छ ।

यस्तो अवस्थामा एमसिसि परियोजना पास गर्नु उचित देखिदैन । अर्को कुरा अमेरिकाका जनताले नेपाललाई अनुदान नै दिन लागेको हो भने किन सदनवाट सम्झौता गरेर दिन पऱ्यो विगतमा झण्डै झण्डै त्यसकै हाराहारीमा सहयोग अमेरिकाले गर्दै आएकै छ ।

त्यसरी नै सहयोग गर्न सक्छ । नेपाली जनताले अमेरिकाको विरोध गरेका होइन् एमसिसि परियोजनाभित्र भएका नेपाललाई दुरगामी असर पुग्ने बुँदाहरुको विरोध गरेका हुन् । आफ्नो राष्ट्रिय हित विरुद्ध अमेरिकाले पनि कुनै सम्झौता स्वीकादैन नी त्यस्तै हो , नेपालले पनि आफ्नो राष्ट्रिय हितभन्दा वाहिरबाट आउने सहयोग स्वीकार्दैन ।

## सरकार…..

स्विकार गर्न सक्दैनौं । सदनले पनि यसलाई अस्विकार गर्नुपर्छ ।' एमसीसीको बारेमा विगत कालदेखि नै आफूहरुले विरोध जनाएको उनको भनाई छ । उनले भने,'यो सम्झौता जुन परिवेशमा भयो, यो राष्ट्रिय हितअनुकुल भएन । राष्ट्रिय स्वार्थलाई प्रतिकुल बनाउने प्रावधान राखिएका छन् । यो सम्झौता संशोधन गरेर राष्ट्रिय हितअनुकुल बनाईएमात्रै अघि बढाउन सकिन्छ भनेर तत्कालिन नेकपा कालमा भनेका थियौं । झलनाथ खनाल नेतृत्वको कार्यदलले प्रतिवेदन बनाएको थियो । एमसीसी सारमा यो आईपिएसको अंग हो भनेर अमेरिकी अधिकारीले पनि भनेका छन् । एमसीसीलाई स्विकार गर्ने कुरा हुँदैन् । आर्थिक परियोजनाको रुपमा परिणत गर्न तयारु हुने कि नहुने ? यो मुख्य कुरा हो ।'

उनले आर्थिक सहायता सम्झौता सरकारले टुँगो लगाउने भएकोले एमसीसीलाई आर्थिक सहायता सम्झौताको रुपमा परिमार्जन गर्ने र संशोधन गर्न सकिने हो भने यसलाई अंगिकार गर्न सकिने पनि उल्लेख गरे । उनले भने,'एमसीसी सम्झौता गर्दा यो सदनमा लगेर कानून बनाउने कुरा भएको थिएन । केपी ओली सरकारको पालामा कानून मन्त्रालयको सिफारिशमा सदनमा लैजाने कुरा भएको हो । हरेक सम्झौता सदनमा लैजानेबित्तिकै अरु पनि लैजानुपर्छ । अरु सम्झौता किन नलैजाने भनेर अरुले भन्न थाले भने के हुन्छ ? सदनले कार्यपालिकाको अधिकार खोसिदिन्छ ।'

एमसीसी सम्झौतामा एमसीसीको झण्डामा प्लेन वा गाडी आएपनि कुनै चेकजाँच गर्न पनि नपाउने र के सामान ल्यायो ? के लग्यो ? भनेर चेक गर्न नपाउनेखालका प्रावधान राखिँदा नेपालको सार्वभौम अधिकार पनि खण्डित हुने गुरुङको भनाई छ । उनले भने,'यो सम्झौतामा नेपालको सार्वभौम अधिकार खण्डित भएको छ । त्यसो भएकोले यो संविधानविपरित भएको छ। यो सम्झौता खतरानक छ । अरु आर्थिक सहायता सम्झौताको मोडेलमा लैजाने हो भने हामी ओपेन छौं । आर्थिक सहायताको नाममा सार्वभौम अधिकार नै खण्डित गर्न पाईंदैन्, सम्झौतामा भएका विवादस्पद विषय संशोधन गरेर जानुपर्छ ।'

नेकपा (एकीकृत समाजवादी) का प्रभावशाली नेता तथा सांसद मेटमणि चौधरीले एमसीसी पास वा फेल जे भएपनि आफ्नो पार्टी सरकारबाट नबाहिरिने बताएका छन् । उनले सरकारलाई दिएको समर्थन पनि फिर्ता नहुने जिकिर गरे । उनले एमसीसीमा मतदान हुने दिन आफ्नो पार्टीका सांसदहरुले बहिष्कार पनि नगर्ने र तटस्थ पनि नबस्ने भन्दै विपक्षमा मतदान गर्ने स्पष्ट पारे ।

उनले भने,'अहिले एमसीसी सदनमा टेबुल भयो । हामी किन यसको विरोधमा छौं भन्ने कुरा धेरै पहिलेदेखि नै भनेका छौं । हामी त जनताको हितमा कुरा गर्छौं । जनतामा एमसीसीविरुद्धको मनौवैज्ञानिक छ । यो संवैधानिक हिसाबले बेठिक छ । यो एमसीसी किन सदनमा टेबुल गरियो ? यो गलत छ । यसमा अमेरिकाको नियत नै बेठिक छ । एमसीसी आईपिएसको पार्ट हो भनेर अमेरिकी अधिकारीहरुले भनेका छन, यो भनेपछि यो सुरक्षासँग जोडिएको छ । अमेरिकन अधिकारीहरुले पनि पटक(पटक एमसीसी आईपिएसको पार्ट हो भनेर भनेका छन् ।'

अब एकीकृत समाजवादीले एमसीसीको पक्षमा मतदान गर्छ कि के गर्छ ? भनेर सोधिएको प्रश्नमा चौधरीले भने–'यही पोजिसनमा एमसीसी लागु हुन दिन्नौं । पास गर्दैनौं । यो कुरा हामीले जनताले सुन्ने र बुझनेगरि भनिसकेका छौं । अनि संसदमा हामी बहिष्कार र न्यूटूल पनि बस्दैनौं । विपक्षमा मतदान गर्छौं । गठबन्धनको कुरा के हुन्छ ? त्यो मतलव होइन । साझा न्यूनतम कार्यक्रममा पनि यो एमसीसी परेको थिएन । गठबन्धन त आवश्यकत्ताको उपज हो । यो गठबन्धन नबनाएको भए मुलुककमो संवैधानिनक प्रणाली रहने थिएन । मुलुकलाई अराजकताबाट बचाउनको लागि यो गठबन्धन बनाएका हौं । प्रणाली स्थापना गर्न गठबन्धन बनाएका हौं । सरकारबाट बाहिरिने कुरा हामीले सोचेका छैनौं ।'

उनले एमसीसीको सवालमा सांसदहरुलाई ह्वीप लगाउन नहुने पनि धारणा राखे । उनले भने('पार्टीले भन्दैमा सांसदले ल्याप्चे हान्ने कुरा बेठिक हो। एमसीसीबारे मतदानमा सांसदहरुलाई फ्रि छोड्नुपर्छ । हामी छलफलमा भाग लिन्छौं । १६ गते विपक्षमा भोट हाल्छौं । हाम्रो पार्टीका सबै सांसदहरु भोटिङको दिन संसद् बैठकमा आउनुहुन्छ ।' उनले एमाले अध्यक्ष केपी शर्मा ओलीले आफू प्रधानमन्त्री हुँदा एमसीसी ग्रो गर्न भूमिका निर्वाह गरेकोले आज विपक्षमा उभिने कुरा गलत भएको टिप्पणी गरे ।

## ज्ञानेन्द्र…..

गरेको कार्यक्रममा खराललाई पार्टी प्रवेश गराइएको थियो । हिन्दु राष्ट्रको अभियान लिएर महासंघ क्रियाशील छ। कार्यक्रममा तीन सय धार्मिक तथा सामाजिक क्षेत्रका व्यक्तिहरूलाई राप्रपा प्रवेश गराइएको प्रवक्ता मोहन श्रेष्ठले बताए ।

## साथीको….

बच्चा एकछिन हेरिदिनुस्, म चाउचाउ लिएर आउँछु' भनी छाडेर हिंडेका प्रहरीले बताएको छ । त्यसपछि मलंगवा फर्किन अजयलाई प्रमोदले नै सहयोग गरेको खुलेको डीएसपी विष्टले बताए ।

## लोकतन्त्र…….

बन्दै गएको छ । राजनीतिक नेतृत्वमा वंशवादभित्र फक्रेको अंशवादले राजनीतिक संस्कारलाई मूल्यहीनताको पथमा डो-याएकै परिणामले राजनीतिक दलहरूमा विभाजन देखिँदै आएको छ । केही राजनीतिज्ञ आफ्नो स्वार्थका लागि जुनसुकै हदसम्म जान तयार छन् भन्ने कुराको पुष्टि व्यक्तिगत स्वार्थ सर्वोपरि ठान्ने प्रवृत्तिले प्रमाणित गरेको छ । अहिलेको परिवेशमा राजनीतिमा जनसेवा भन्ने शब्दको सान्दर्भिकता देखिँदैन । चुनावको समयमा मत माग्न जाँदा नेताहरू नाङ्गा र रित्ता हुन्छन् । जनमुखी काम गरेको फेहरिस्त दिन उनीहरूसँग परिवारवादबाहेक अन्य केही हुँदैन । नेताहरूले सार्वजनिक सेवा र लोककल्याणलाई आफ्नो सर्वोपरि हित मान्ने हो भने सकारात्मक स्वार्थबाट देशको राजनीतिमा ठूलो परिवर्तन आउने छ । राजनीतिक फिल्डमा जनतालाई केन्द्रमा राखेर नाफा नोक्सानको गणित छोड्नु पर्दछ । राजनीतिलाई पैसा आर्जन गर्ने व्यवसाय होइन, जनसेवाको माध्यम बनाउने हो भने स्थापित लोकतन्त्रले देशको काँचुली फेर्नेमा ढुक्क हुन सकिन्छ । गोरखापत्र

## नेपालमा…

गाडीकै स्वरुप भनेको छ । प्यारामेट्रिक पिक्सल हेडल्याम्प, पिक्सेल टेल लाइट, काल्मसेल हुड, एक्टिभ एयर इन्टेक्ससहितको यो गाडी नेपाली ग्राहकले खुबै रुचाउने कम्पनीको अपेक्षा छ ।

हुन्डाईको सबैभन्दा नयाँ विद्युतीय ग्लोबल मोडुलर (ई-जीएमपी)मा प्लेटफर्ममा बनेको आइओनिक-५मा राखिएको ब्याट्रीले फास्ट चार्ज सपोर्ट गर्छ । आइओनिक-५को इन्टेरियर सफा र सहज छ ।

इन्टेरियरमन पनि वातावरणमैत्री सामग्री प्रयोग गरिएको छ । यो गाडी सुरक्षाका हिसावले पनि अब्बल छ । विभिन्न सुरक्षात्मक प्रविधिले गाडीमा यात्रा गर्नेहरुलाई सुरक्षित महसुस गराउँछ ।

आइओनिक-५ सोलार रुफ र भिजन रुफ गरी दुई भेरियन्टमा उपलब्ध हुने छ । सोलार रुफ भेरियन्टमा छतमा सोलार प्यानल जडान भएको छ । १०० किलोमिटर दैडिँदा गाडीमा खपत हुने ऊर्जाको ५ देखि ७ प्रतिशत ब्याट्रीको चार्ज सौर्य प्रविधिबाटै हुन्छ ।

सामान्य पावर सकेटबाट चार्ज गर्न सकिने भएकाले यो सहज विद्युतीय गाडी पनि हो । एकपटक फूल चार्ज भएपछि ३६५ किलोमिटरसम्मको माइलेज दिनसक्ने कम्पनीको दावी छ । यो ११८ इन्च ह्विलबेसमा छ । जुन अन्य एसयूभीभन्दा लामो हो ।

पाँच जनाले सहज रुपमा यात्रा गर्न सक्ने आइओनिक-५ अफरोडका लागि पनि उपयुक्त छ । विभिन्न ११ रंगहरुमा उपलब्ध हुने गाडीको मूल्य कति हुन्छ भन्ने यकीन छैन ।

# माओवादी केन्द्र र नेकपा (एकीकृत समाजवादी) ले सरकारमा बस्ने नैतिक अधिकार गुमाइसके, एमसीसी पास हुन्छ : सञ्जय गौतम

काठमाडौं । नेपाली कांग्रेसका नेता तथा सांसद सञ्जयकुमार गौतमले प्रचण्ड र माधव नेपालका पार्टीले अब सरकारमा बस्ने नैतिक अधिकार गुमाईसकेको बताएका छन् । उनले भने,'उहाँहरुले अब सरकारमा बस्ने नैतिक अधिकार गुमाईसक्नुभएको छ । यो गठबन्धनमा रहने कुरा पनि गुमाउनुभएको छ।' एमसीसीबारे नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल र नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले दोहोरो भूमिका खेलेको गौतमको टिप्पणी छ । उनले भने,'उहाँहरु सरकारमा पनि हुनुहुन्छ । क्याविनेटमा झण्डा पनि हल्लाउनु भएको छ । अर्कोतिर सडकमा मुर्दावाद पनि भन्दै हुनुहुन्छ । यो भूमिका राम्रो होईन् ।'

सोमबार रिपोर्टर्स क्लब नेपालले आयोजना गरेको साक्षात्कारमा बोल्दै उनले एमसीसी सम्झौता हुँदासम्म माधव नेपाल, झलनाथ, प्रचण्ड प्रधानमन्त्री हुँदापनि सम्झौताको प्रक्रिया अघि बढेको सुनाए । उनले भने,'त्यसो हो भने उहाँहरु सबै राष्ट्रघाती हुन नि त । हिजो एमसीसी टेबुल भयो । एमसीसीको कारण मत विभाजन भएको छ। हामीपनि चिन्ता गरिरहेका छौं। राजनीतिक दलहरुले स्पष्ट बोल्नुपर्छ । एमालेले पनि स्पष्ट बोल्नुपर्ने हो । प्रचण्डजीको माओवादी केन्द्र पनि स्पष्ट रुपमा बोल्नुपर्ने हो । नेकपा एकीकृत समाजवादीले पनि स्पष्ट बोल्नुपर्ने हो । तर, यहाँ द्वेद्ध चरित्र देखियो । मुलुकले निकास पाउनको लागि राम्रो तवरले जानुपर्छ । सदनमा एमसीसीबारे छलफल हुन्छ । यो सदनको कुरा हो । पास हुन्छ कि फेल हुन्छ, त्यो अब सदनमा थाहा हुन्छ । तर, हामीलाई विश्वास छ(यो पास हुन्छ ।' उनले अमेरिकालाई नेपालमा आउन एमसीसी नचाहिने पनि टिप्पणी गरे । उनले भने,'एमसीसी पास गराउने कुरामा एमालेसँग हामी विश्वस्त छौं । उ सकारात्मक रुपमा आउँछ । एमसीसी पास गर्छ । एमसीसी पास गर्ने कुरा यो त कलंकको टिका होईन, यो समृद्धिको रातो टिका हो ।'

नेता गौतमले एमसीसी धेरै गिजोलिएको गुनासो पोखे । उनले भने,'साथीहरुले एमसीसीलाई धेरै गिजोलिदिनुभयो । एमसीसीको अन्तरवस्तुबारे जनतालाई स्पष्ट पार्नुपर्दथ्यो । एमसीसी त नेपालको हितमा छ । यसले नेपाललाई भलो गर्छ । पूर्वाधार विकास र प्रशारण लाईनको विकास हुन्छ । एमसीसीको कन्सेष्ट २००४ मा आयो। नेपालले सन् २०१७ मा सम्झौता गरेको छ । यो त नेपाल सरकारले मागेको हो । अमेरिकाले थोपरेको कुरा होईन । यो ऋण पनि होईन । यो अनुदान नेपालले मागेको हो । माधव नेपालको पालामा सुरु भएको हो । यसलाई अघि बढाउनको लागि माधव नेपालले पनि काम गर्नुभएको छ। त्यसपछि झलनाथले काम गर्नुभएको छ । भरतमोहनजी अर्थमन्त्री हुँदा एमसीसीको लागि कुरा गर्न जानुभएको छ। बाबुरामको पालामा थ्रेस होल्ड एक्सेप्ट भयो । खिलराज, प्रचण्ड, सुशिल, केपी ओली सबैले काम गर्नुभयो । टोटल व्युरोक्रेसी संलग्न छ । प्रशासनिक संयन्त्र संलग्न भएका छन् । सन् २०१७ मा कांग्रेसका नेतृत्वमा सम्झौता भयो ।'

गौतमले केपी शर्मा ओली प्रधानमन्त्री हुँदा एमसीसी प्रस्ताव संसद्मा लैजाँदै गर्दा पनि कांग्रेस यसको पक्षमा उभिएको स्मरण गराए । उनले भने,'हामी द्वेद्ध मनस्थितिमा छैनौं। नेपाललाई अर्न्राष्टिूय शक्तिको क्रिडास्थल बनाउन खोजियो । नेपालका कम्युनिष्ट पार्टीको भूमिका देखेर दुःखी छौं ।' उनले अहिलेको पाँच दलीय गठबन्धन आवश्यकत्ताले बनेको पनि उल्लेख गरे । उनले भने,'हामी प्रतिपक्षीमा हुँदा पनि रचनात्मक भूमिका खेल्यौं। कम्युनिष्ट सरकारलाई सफल भएको हेर्न चाहेका थियौं । दुई तिहाई बहुमतको सरकार त बन्यो नि भनेर खुशी थियौं । ओली सरकार अधिनायक बाटोमा जान थाल्यो, संवैधानिक प्रावधान कुल्चिन थाल्यो । ओलीले आफ्नो घर नै बचाउन सक्नुभएन ।

# अन्तराष्ट्रिय समाचार

## बम विष्फोटकाण्ड : ३८ जनालाई फाँसी

भारतको विशेष अदालतले १४ वर्ष अघि भएको एक श्रृंखलाबद्ध बम विष्फोटको घटनामा संलग्न ३८ जनालाई फाँसीको सजाय सुनाएको छ । अन्य ११ जनालाई आजीवन कैदको सजाय सुनाइएको छ । सन् २००८ मा अहमदावाद बम विष्फोटमा ७७ जना आरोपी थिए । तीमध्ये ४९ जना दोषी ठहर भएका हुन् । २८ जनाले भने सफाइ पाएका छन् । १३ वर्षदेखि चलेको सुनुवाइको क्रममा १ हजार १६३ जनाको बयान लिइएको थियो । प्रहरी र कानुन व्यवसायीहरुले ६ हजार भन्दा बढी प्रमाण जुटाएका थिए । अहमदावादको विशेष अदालतका न्यायाधीश अम्बालाल पटेलले ६ हजार ७५२ पानाको फैसलामा ४९ आरोपीलाई दोषी ठहर गर्दै सजाय सुनाएको भारतीय टेलिभिजन च्यानल आजतकले जनाएको छ । आतंकवादको आरोपमा एकसाथ ४९ जनालाई पहिलोपटक दोषी ठहर्याइएको समाचारमा उल्लेख छ । सन् २००८ को जुलाई २६ तारिखको दिन अहमदावादको मणिनगरमा भएको बम विष्फोटमा ५६ जनाको मृत्यु भएको थियो भने २०० बढी घाइते भएका थिए । उक्त बिष्फोट इण्डियन मुजाहिदीनले गराएको प्रहरी अधिकारीले जनाएका छन् । यो घटनामा मृत्यु भएका परिवारका सदस्यलाई एक लाख, गम्भीर घाइतेलाई ५० हजार र सामान्य घाइतेलाई २५ हजार रुपैयाँको दरले राहत दिन पनि अदालतले आदेश दिएको छ ।

## युक्रेनमा हमला गर्ने योजना बनाएको नाटोका महासचिवको दाबी

एजेन्सी । नाटोका महासचिव जेन्स स्टोल्टेनवर्गले रुसले युक्रेनमा पूर्ण रुपमा हमला गर्ने योजना बनाएको दाबी गरेका छ । स्टोल्टेनवर्गले रुसलाई झूटा बहानामा युक्रेनमा पूर्ण मात्रामा आक्रमण गर्ने योजना बनाएको आरोप लगाएका हुन् । रुसले भनेझैं कुनै पनि सेना फिर्ता नगरिएको मात्र हैन नयाँ सेना थपिरहेको समेत स्टोल्टेनबर्गले बताएको अन्तर्राष्टिूय समाचार माध्यमहरुले जनाएका छन् । नाटो प्रमुखले गठबन्धनको स्थापना सन्धिलाई उद्धृत गर्दै पूर्वतर्फ विस्तार नगर्ने आफ्नो वाचा तोडेको चीनको आरोपलाई पनि अस्वीकार गरेका छन् । युरोपेली संघमा चिनियाँ मिसनले नाटोको थप विस्तारको विरोध गरेको थियो ।

## उत्तरी सोमालियामा बम विस्फोट हुँदा १३ जनाको मृत्यु

सोमालियामा रेष्टुरेन्टमा बम बिस्फोट हुँदा १३ जनाको मृत्यु भएको छ । मध्य सोमालियाको एक शहरमा रहेको रेष्टुरेन्टमा भएको विस्फोटम २० जना घाइते भएका छन् । मृत्यु हुनेहरु अधिकांश सर्वसाधारण रहेको अलजजिराले जनाएको छ ।मृतकमध्ये दुई जना सरकारी अधिकारीहरु पनि रहेका छन् । विस्फोटले भौतिक संरचनामा समेत ठूलो क्षति भएको अधिकारीहरुले जनाएका छन् । विस्फोट लगत्तै घाइतेहरुलाई अस्पताल पुर्याईएको थियो । राजधानी मोगादिसुबाट करिब २१० माइल उत्तरमा रहेको क्षेत्रमा संसदीय मतदानको पूर्वसन्ध्यामा विस्फोट भएको समाचारमा जनइएको छ । आक्रमणमा एक जना संसंदीय निर्वाचनका उम्मेद्वार पनि रहेको बताइएको छ । सो आक्रमणको जिम्मा सशस्त्र समूह अल शबाबले लिएको छ । सो समुहले पछिल्ला हप्तादेखि विभिन्न स्थानमा सरकारी अधिकारीहरुलाई लक्षित गरी विस्फेट गराउँदै आएको दावी पनि गरेको छ । अल कायदासँग निकट रहेको सो विद्रोही समुहले केन्द्र सरकारलाई ध्वस्त पार्ने चेतावनी दिदै आएको छ ।

## अमेरिकामा अफगान दूतावासमाथि प्रतिबन्धात्मक व्यवस्था

एजेन्सी । अमेरिकाका लागि अफगानिस्तानकी राजदूत अडेला राजले पदबाट राजीनामा दिनुभएको छ । अमेरिकास्थित अफगानिस्तानी दूतावासलाई लक्षित गरी केही प्रतिबन्धात्मक व्यवस्थाहरू गरेकाले दूतावासमा रहेर काम गर्ने अवस्था नरहेको भन्दै उहाँले राजीनामा दिनुभएको हो । पछिल्लो छ महिनामा अमेरिकामा खटाइएका अफगानिस्तानका राजदूतहरूले राजीनामा दिएकामध्ये उहाँ तेस्रो हुनुहुन्छ । वासिङ्टनमा रहेको अफगानिस्तानको दूतावासलाई अमेरिकामा कुनैपनि राजनीतिक तथा कूटनीतिक गतिविधि गर्न नपाउने व्यवस्था अमेरिकाले गरेपछि उहाँले जिम्मेवारी त्याग्नुभएको हो । अमेरिकाको विदेश मन्त्रालयले अफगानिस्तानको दूतावासलाई पत्र पठाउदै दूतावासका गतिविधिहरूको विवरण माग गरेको अफगानिस्तानका कार्यवाहक राजदूत अब्दुल हादी निर्जाबीले जानकारी दिनुभयो ।

'अफगानिस्तानको दूतावासलाई अमेरिकी विदेश मन्त्रालयले पठाएको पत्रमा राजदूतलाई घरबाट मात्रै काम गर्न र बाहिर निस्केर राजनीतिक तथा कूटनीतिक गतिविधि नगर्न भनिएको छ,' उहाँले भन्नुभयो । पत्रमा दूतावासका अन्य कर्मचारीहरूलाई पनि बाहिर निस्किएर कुनै गतिविधि गर्न निषेध गरिएको दूतावासका अधिकारीहरूले जनाएका छन् । अमेरिकी सरकारको व्यवहारले दूतावासको जिम्मेवारी लिएर केही गर्न नसकिने भएकाले आफू त्यहाँ बसिरहनुको कुनै औचित्य नभएको राजदूत राजको भनाइ छ ।

## ब्राजिलमा भिषण बाढी पहिरो, ७१ जनाको मृत्यु


ब्राजिलको पहाडी क्षेत्र पेट्रोपोलिसमा भिषण बाढी पहिरो जाँदा कम्तिमा ७१ जनाको मृत्यु भएको छ । ब्राजिलको रियो दि जेनेरियो शहरको उत्तरतर्फ रहेको पहाडी इलाका पेट्रोपोलिसमा अकस्मात आएको मुसलधारे वर्षापछिको बाढी पहिरोमा ठूलो जनधनको क्षती भएको हो । बाढीले दर्जनौं सवारी साधान बगाएको थियो भने पहिरोमा परि सयौं घर ध्वस्त भएका छन् । भग्नावशेषमा पुरिएकाहरुको खोजी कार्य जारी छ । अधिकारीहरुका अनुसार उद्धार तथा राहत कार्यलाई छिटो र प्रभावकारी बनाउन शहरमा आपतकाल घोषणा गरिएको छ । उद्धार कार्यमा सेनालाई समेत परिचालन गरिएको छ ।

## लागूपदार्थ तस्करीको आरोपमा पूर्वराष्ट्रपति पक्राउ

क्यारेबियन मुलुक होण्डुरसका पूर्वराष्ट्रपति हुवाँ ओर्लान्डो हर्नान्डेज लागूपदार्थ तस्करीको आरोपमा पक्राउ परेका छन् । राजधानी तेगुसिगाल्पामा रहेको आफ्नो आलिसान निवासबाटै पूर्व राष्ट्रपति हर्नान्डेजलाई पक्राउ गरिएको हो ।

उनलाई अमेरिका सुपुर्दगी गर्ने तयारी गरिएको छ । लागु पदार्थ तस्करीको आरोपमा अमेरिकाले सुपुर्दगी गर्न आग्रह गरेको केही घण्टामै होण्डुरसको प्रहरीले हर्नान्डेजलाई पक्राउ गरेको हो । उनीविरुद्ध अमेरिकामा मुद्दा चलाउने तयारी भईरहेको छ । उनका भाई टोनी हर्नान्डेजलाई लागू पदार्थ तस्करीकै अभियोगमा अमेरिकाको एक अदालतले गत वर्ष आजीवन कारावासको सजाय सुनाएको थियो ।

# पुस्तक समिक्षा : छुटेका अनुहार




सुरेन्द्र कार्की

छुट्टिनु अघि भेटीनु जरूरी छ र त छुटाइहरु सम्भव हुन्छन ।

ओहो ! म कति ठाँउमा छुटिएँ होला कति ठाउँमा भेटिएँ होला । को को संग भिटिँए होला को को संग छुटिएँ होला । भेटिनु जरूरी छ छुटिनु अगाडी ।

- छुटेका अनुहार र रमेश सायन

म पहिलो दृष्य सम्झिरहेको छु सायन संग भेटिदाको । उ संग भेटिनु केही दिन पहिले उस्को एउटा कविता पढेको थिएँ ‘ बुख्याँचा ‘। उसो त भागेर भूगोलभरि मैले पढि सकेको कविता कृती थियो । त्यो क्षण उस्को शरिरमा नर्थफेसको ज्याकेट थिएन यदी हुन्थ्यो भने त्यो कविता उस्कै ऐना हुन्थ्यो । तर त्यो नर्थफेसको ज्याकेट लगाउने समय थिएन ।

ऊ संगको पहिलो दृष्य ऊ बुख्याँचा थिएन तर उस्को पछाडी एउटा ल्याप्टपको झोला हातमा कालो पोलेथिन र पोलेथिन भित्र बियरका बोतल । समय रातको थियो हामीले बाटामै अंकमाल गर्यौ । त्यो पल साँच्चै एउटा स्वर्गिय पल थियो । यो भन्दा पहिले मैले पढेका किताबका लेखकहरुसंग मेरो भेट भएको थिएन । ठ्याक्कै त्यो अनुभूती अहिले यहाँ अभिव्यक्त गर्न मेरो शब्दकोशमा शब्दहरुनै निर्माण भइ सकेको छैन सायद ।

म सायनको लेखन कलाको पारखी हुँ । उसो त उनका शब्दहरु पढ्ने सबै पारखी हुन्छन । सायनको लेखनमा छनै त्यस्तो जादुयी चमत्कार ।

मलाइ लागेको थियो ऊ गमक्क परेर बस्ला नबोल्ला खानेकुरामा परपरेज गर्ला

बियर खाने हो की नखाने हो , कि सोजुपो खाने हो की ! मैले दुवै चिज लिएँ

तर उनी आफैंले बियर बोकेर आए बाटैमा अंकमाल गरे साथीहरु खालानकी नखालान थाहा भएन पहिलो पल्ट भेटहुदैछ जान्नु कसरी आफुलाई चाहिने चिज त लिएर आउनु पर्यो उन्ले बोलेको कुरानै यहि थियो । सायन संगको सामिप्यता त्यही बाट सुरु भयो । लेखकहरु प्राय अरुकै लागी लेख्छन यस्तै छाप थियो जस्तो की अपवाद बाहेक शिक्षकहरु पढाउनका लागी पढाइ रहेका हुन्छ मात्रै किताब पढाइ रहेका हुन्छन जीवन पढाउदैनन ब्यबहार पढाउदैनन दैनिकी पढाउदैनन समय पढाउदैनन मात्रै किताब पढाउछन किताब ।

हाम्रो समाजमा डाक्टरहरु स्वयम् के छन के छन तर बिरामीलाई धुम्रपान मद्यपान नगर्न सुझाउछन तर सायन जे थिए त्यही लेख्ने जे लेख्ने त्यही हुने । सायन बोल्दै गर्दा लाग्छ गहिरो साधनाबाट कोही माहात्मा बोलि रहेछ, उ आफ्नै कुरा बोल्छ अरुको बोल्दैन ऊ आफ्नै कुरा लेख्छ अरुको लेख्दैन । ऊ जे बोल्दा पनि कविताको लयमा बोल्छ, ऊ जे लेख्दा पनि कविताको लयमा लेख्छ पुरा पुरा ऊ एउटा कविताको प्याकेज हो ।

छुटेका अनुहार र रमेश सायन

यो एक निबन्ध कृति हो तर यो कवितै कविताले सजिएको कृती हुनु पर्छ ऊ कविता भन्दा पर बाच्नै नसक्ने मान्छे ।

छुटेका अनुहार भित्रका धेरै निबन्ध प्राय सबैले पढीसकेकै हुनु पर्छ पत्र पत्रीका र अनलाइनमा मैले पनि त्यही पढेको छु ।

आप्रवासी मजदुरका हिसाबले सायन कोरियामा तिन वर्ष बसे । हाम्रो भेट कोरियामै भएको हो । दक्षिण कोरियाबाट सायनको अनुहार छुट्नु अगाडी धेरै कुरा भेटिए र उनले कोरियाको नेपाली साहित्यीक माहोलमा आफ्नो उपस्थिती नमेटिने अक्षरले दर्ज गराए । सम्झिनु पर्ने केही नाम छन त्यसमा सायन एउटा मजबुत नाम हो ।

सायनले कर्म भूमीलाई राम्रो संग भोगे जोखे तौलिए बुझे हर शब्दहरु मार्फत अरुलाई बुझाए मोटीभेट गराए । सायनका शब्दमा त्यो पावर छ जो शब्द र साहित्य मन पराउनेहरु सहजै आक्रषित हुन्छन् । उनका पाठकहरुलाई उनका शब्दको लत छ उनका शब्दहरुले औषधिको काम गर्छन । उनि आफ्नो मूर्खतालाई पनि सिंगारेर लेख्छन जस्तोकी एक घटना तलब थापेको दिन उस्ले संसारका तमाम् महाजनलाई भुलेर आफैंलाई महाजन बनायो अनि ट्याक्सी नचड्दा पनि हुने ठाउँमा ट्याक्सी समात्यो र बजार बाट बास स्थान फर्किदै गर्दा बिचबाटोमै टियाक्सी रोकेर कफि सप छिर्छ र तातो क्यापाचिनो लिन्छ । पैसा फिर्ता नपाउदै उस्ले सुइरोबाट एक सुइरो कफी स्वाट्ट तान्छ तातो कफीले उस्का सबै भ्रमहरु पोल्दीन्छ । ऊ छिनमै महाजनबाट ओर्लेर मजदुरको हैसियतमा आइ पुग्छ । कफि सप छिर्दा जुन ताज उ संग थियो कफी सपबाट निस्कीदा सबै स्खलन भइ सकेको देखिन्छ । उ ट्याक्सीमा चुपचाप बस्छ अघि बस्दा महाजन बसेको थियो उ संग अहिले बस्दा मजदुर बसेको छ उ संग ।

यस्ता थुप्रै घट्नाहरुमा शब्दहरु मार्फत छरिएका छन सायन । कहिले कहिं त पत्याउनै नसकिने कुरा पनि गरिदीन्छ सायनले । चपस्टिक चलाउन नजानेर भोकै उठेर हिंडे पनि भन्छ । के साँच्चै कोही चपस्टिक चलाउन नजानेकै भरमा भोकै उठेर हिंड्छ होला त पक्कै पनि जो कसैले त्यसो गर्दैन होलान मैले त्यसो गरिन ।

ऊ काँक्रा र खोर्सानी टिप्दा घन्टौ घन्टा कैंचीको संगीतमा रमाउन थाले हराउन थाले भन्छ । अरे बाफ्रे ! कैंचीको संगीत त्यो पनि घण्टौं घण्टा ?

संगीतका महाज्ञानीहरुलाई पनि मात दिने कुरा गर्न कहिं मिल्छ तर उ गरिदीन्छ गर्न पनि यति मनमोहक तरिकाले की एक पल्ट कैंची हातमा लिएरै परिक्षण गरी हालौ जस्तो । तर म कैंचीको संगीतमा त्यसरी डुबेको भए म पागल भइ सक्थे ।

उस्ले तिन वर्ष केरियालाई कर्म भूमी बनायो कर्म भूमीबाट कर्मका धेरै कुराहरु पाठक समक्ष ल्याइ सकेको छ र तिनै सामाग्रीहरुको पुर्ण संकलन हो छुटेका अनुहार भन्दा खासै फरक नपर्ला । एक रात हामी हान नदिको किनार ताकेर हिंडेका थियौ । रहर थियो नदिकिनारमा सायनसंग त्यो रात साटौ हान नदिको संगीतमा केही हर्कतहरु गरौ र जीवनको इतिहासमा त्यो रातलाई अमर बनाउ । तर त्यस्तो बिलकुल भएन । ओपन ग्यांग्नाम स्टाइलको त्यो ग्यांग्नाम सहरमा हामी मजदुरहरुलाई सुहाउने होटलनै भेटिएन । झोला बोकेरै हाननदिका किनारमा बरालिनु उति शोभनिय कुरा छदैं थिएन । त्यो रात सायनले हर्कत चै हर्कतनै गरेको हो । त्यो नजानिदो सहरमा होटल खोज्न झन्डै दुइ घन्टा लाग्यो र पनि भेटिएन । दुइ घण्टा सम्म मलाइ थाहा छ मलाइ थाहा छ फ्लो मि फ्लो मि भन्दै घुमाइ रहे अन्तयमा थाहा भयो त्यो ठाउँको बिषयमा उनलाई केही थाहै रहेनछ ।

उ अरुको मनोविज्ञान एकदमै छिटो बुझ्छ । आइ पर्ने आप्ठ्यारा र समस्याहरु प्रती डराएर कहिल्यै भाग्दैन । ऊ संग हुदैन गर्दिन र असम्भव भन्ने शब्द नै छैन । जीवनमा आफैं संग आफैं तल पर्ने काम उस्लाई कदापी स्विकार्य छैन त्यसैले ऊ अरु भन्दा फरक छ रूखो छ । त्यसैले त्यो रात फ्लो मी भनेरै गलायो हामीलाई ।

साँच्चै एक कवितामा उनकी प्रेमिकाले भने झैं ऊ एउटा पूर्ण मान्छे हो । पूर्ण मान्छे हुनु पूर्व ऊ केही अशल हो केही खराब हो केही मूर्ख हो केही विद्वान हो केही दानी हो केही नादानी हो केही घमण्डी हो केही स्वार्थी हो केही भोगी हो केही जोगी हो केही पागल हो केही सद्दे हो र यि सबै हो पछाडी ऊ एउटा पूर्ण मान्छे हो ।

तर प्रेमिका ? मलाई लाग्छ कुनै एक व्यक्ती विशेष मात्रै उस्को प्रेमिका हुदै होइन उस्का तमाम पाठकहरु तमाम हितैषीहरु तमाम चाहानेवालाहरु सबै सबै उस्का प्रेमीका हुन । उस्ले जीवनमा कमाउन बाकी र उ संग नभएको एउटै चिज त्यो शत्रु हो यदि शत्रु भए शत्रुले पनि प्रेम गर्छन उस्लाई । ऊ जिनिसै अनौठो छ मानिसै अनौठो छ ।

जस्तो उस्का पाठकहरुलाई उस्का शब्दको लत छ त्यस्तै उस्का हितैषीहरुलाई उस्को संगतको लत । उ कुनैपनि उमेर समुहको हदबन्दीमा कैद छैन उस्का हितैषीहरु सबै उमेर समुहका छन । हुन त ऊ एक हो तर ऊ सबैको हो ।

भेट हुँदा खुशी हुने बानी हो हाम्रो
छुटे पछी मुटु दुख्ने बानी नराम्रो ।
साँच्चै साच्चै को को संग भेट भयो को को संग बिछोड भयो हुन त सबै भेटहरु अमर हुदैनन सबै छुटाइहरु मुनामदन हुदैनन ।

ओ फकिर तिम्रो लत साँच्चै कति नमिठो कहिल्यै पनि मटक नमर्ने कहिल्यै पनि चाहाको घडा नभरिने । ऊ फकिर हो फकिर नयाँ नयाँ ठाउँ घुमीरहनु पर्ने डिलिरहनु पर्ने एक घुमन्ते हो ऊ एक फिरन्ते हो ऊ त्यसैले त ऊ एक जोगी हो ऊ साधु हो ऊ सन्त हो ऊ र पुरा पुरा एक मुसाफिर हो ऊ ।


मुसाफिरको कुनै ठेगना हुदैन कुनै गन्तब्य हुदैन । यो सारा संसार उस्को ठेगना हो यो सारा जगत उस्को गन्तब्य हो । तर ऊ अब फकिर बाट मान्छे तिर फर्किएको छ । कहिँ टाढा टाढा पुग्दा फर्किने ठेगना बनाएको छ इटहरीमा ढर्पा फुड क्याफे ।

अहिले ऊ जीवन तिर फर्किएको छ बिहे गरेको छ उ अब फकिर मात्रै भएर हिडी रहन सुहाउदैन । ऊ जीवनका कुनै पनि चुनौतीहरुसंग हार्ने मान्छे हैन उस्लाई आफैं संगको हार कदापी स्विकार्य छैन । उस्लाई जीवन भरि जीवन जितीरहने शुभकामना उस्लाई उस्को दोस्रो सन्तान ‘ छुटेका अनुहार‘ को सफलताको शुभकामना ।

अब छिट्टै छुटेको अनुहार मेरो हातमा पर्दै छ अर्थात सायन हरपल हरक्षण म संगै रहने छ । ऊ के हो के हो भनि रहनु पर्दैन जगजायर छ तर म उस्का शब्दहरुको र संगतको लत लागेको एक एडिक हूँ एडिक ।

एक एडिकको शुभकामना छुटेका अनुहार माथी रमेश सायनलाई ।

(स्रोत : रचनाकारको ब्लगबाट सभार)




# साथीको सहयोगमा गर्भवती श्रीमतीको हत्या

जनकपुरधाम । मेला घुम्न लैजाने वहानामा एक व्यक्तिले गर्भवती पत्नीलाई सर्लाहीबाट महोत्तरी पुर्याएर हत्या गरेको खुलेको छ । भारत सीतामढीका अजय महतो कोइरीले २७ वर्षीया श्रीमती राधा भनिने अपसना खातुनको हत्या गरेको प्रारम्भिक अनुसन्धानबाट देखिएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका डीएसपी प्रकाश विष्टले जानकारी दिए । अपसनाको शव ४ फागुनमा जंगलभित्र फेला परेको थियो । घटनाको अनुसन्धानका क्रममा प्रहरीले अजयलाई ६ फागुनमा नेपाल-भारत सीमानाबाट पक्राउ गरेको थियो । बयानका क्रममा उनले हत्या गरेको स्वीकारेको विष्टले बताए ।

हत्यामा अजयलाई सहयोग गरेको आरोपमा सर्लाहीको मलंगवा नगरपालिका-९ का प्रमोद राउत पनि पक्राउ परेका छन् । अर्का सहयोगी फरार रहेको प्रहरीको भनाइ छ ।

अजय, श्रीमती र दुई छोरासँगै सर्लाहीको मलंगवा नगरपालिका-९ मा डेरा गरी बस्थे । उनले ‘मेला घुम्न जाऔं’ भन्दै श्रीमती र छोराहरुलाई टेम्पो चढाएर महोत्तरी पुर्याएको र सागरनाथ वन विकास परियोजनाको जंगलभित्र लगेर साथीको सहयोगमा श्रीमतीको हत्या गरेको खुलेको जिल्ला प्रहरी कार्यालयका प्रवक्तासमेत रहेका डीएसपी विष्टले जानकारी दिए । अपसना ८ महिनाको गर्भवती रहेको प्रहरीको भनाइ छ । पत्नीको हत्यापछि अजयले आफ्ना दुई छोरालाई नजिकैको एक होटलमा बेवारिसे छाडेर भागेको प्रहरीले बताएको छ ।

सम्बन्धमा खटपटपछि हत्या

अपसना र अजयबीच दुई वर्ष अगाडि चिनजान भएको थियो । अजय भारतको सीतामढीमै घर निर्माण गर्ने ठेकेदार थिए । अपसना ज्याला मजदुरीको काम गर्थिन् । सीतामढीमै चिनजान भयो र उनीहरुले प्रेम विवाह गरे । अपसना त्यसअघि नै विवाहित थिइन् । उत्तर प्रदेशमा विवाह गरेकी उनका दुई छोरा थिए । तर श्रीमानसँग सम्बन्ध बिग्रिएपछि उनी दुई छोरासहित माइतीमा बस्दै आएकी थिइन् । प्रहरीका अनुसार विवाहपछि अजयको परिवारले अपसनालाई स्वीकार गरेन । पञ्चायतीले अपसनालाई २५ हजार भारु क्षतिपूर्ति दिएर छुट्टिने र २५ हजार भारु गाउँमा भोज खुवाउने निर्णय सुनाएको थियो । पञ्चायतको निर्णय अजय र अपसनालाई स्वीकार्य भएन । गाउँमा बस्न नसकेपछि नौ महिना अगाडि उनीहरु सर्लाहीको मलंगवा आएर कोठा भाडामा लिएर बस्न थाले । अजयले मलंगवा नगरपालिका-९ का प्रमोद राउतको घर निर्माणको काम गर्दै आएका थिए । प्रहरीले पत्नी हत्यामा अजयलाई घरधनी राउतले सहयोग गरेको देखिएको बताएको छ । फागुन ३ गते दिउँसो २ बजेतिर मेला हेर्न जाने भनी अजयले श्रीमती अपसना र नाबालक छोराहरुलाई मलंगवाबाट टेम्पो रिजर्भ गरी सर्लाहीको ईश्वरपुर नगरपालिका-१३ श्रीनगर चोक पुऱ्याए । त्यहाँबाट प्रमोद राउतले उनीहरुलाई आफ्नो मोटरसाइकलमा राखेर बाँके खोलाको ड्याम हुँदै महोत्तरीको गौशाला नगरपालिका-१२ मा निर्माणाधीन रेल्वे ट्र्याकसम्म पुऱ्याएका थिए । प्रमोदले उनीहरुलाई आफ्नो मोटरसाइकलमा दुई खेप गरी त्यहाँसम्म पुर्याएको अजयले बयानमा बताएको डीएसपी विष्टले बताए । त्यसपछि अजयले अपसनालाई जंगलमा लगी साथीको सहयोगमा हत्या गरेको र छोराहरुलाई डेढ किलोमिटर टाढाको कान्तिबजारस्थित होटलमा लगी ‘मेरो बाँकी ६ पृष्ठमा

# टाटा मोटर्सको नयाँ शोरूम बनेपामा उद्घाटन

काभ्रेपालञ्चोक । टाटा मोटर्सले काभ्रे जिल्लास्थित बनेपामा आफ्नो नयाँ शोरूम आउटलेट सञ्चालनमा ल्याएको छ । नेपालका लागि टाटामोटर्सको एकमात्र आधिकारिक वितरक सिप्रदी ट्रेडिङ प्रा.लि. ले यही महिना देखि सेवा पुऱ्याउने योजना सहित बनेपामा आफ्नो नयाँ शोरूम आउटलेट विस्तार गरेको हो। बनेपामा सञ्चालित नयाँ आउटलेटको बिक्रेताको रूपमा लक्ष्मी अटोछन् जसका सञ्चालक सेवक बुढाथोकी हुन् । बनेपामा कम्पनीको यो पहिलो आउटलेट हो । योसँगै नेपालभर टाटा मोटर्सको १९ वटा आउटलेट भएको छ ।

लक्ष्मी अटो ग्रुपसँग सहकार्य गर्न पाउँदा हामी निकै खुशी छौं । बनेपामा टाटा मोटर्स सिप्रदीको यो पहिलो सोरुम हो । यसले हाम्रो ग्राहक केन्द्रित दृष्टिकोण र उनीहरूसँग नजिकी सम्बन्ध विस्तार गर्न मद्दत मिल्नेमा हामी सकारात्मक छौं । नयाँ आउटलेट सञ्चालन सम्बन्धी सिप्रदी ट्रेडिङका प्यासेन्जर भेइकल बिजनेस युनिट प्रमुख शावन्तजंग सिजापतीले भनेका छन्, 'हामीले अहिले मासिक रूपमा कम्पनीको वृद्धि भएको देखिरहेका छौं । यो नयाँ डिलरशीप र सम्झौता कम्पनीको बिक्री, सेवा र ग्राहक सन्तुष्टि क्षेत्रमा नयाँ कोशेढुङ्गा सावित हुनेमा हामी विश्वस्त छौं । बनेपा हाम्रोलागि प्रमुख बजार मात्र नभई यो हाम्रो विकास रणनितीको प्रमुख हिस्सा पनि हो ।'



त्यस्तै, लक्ष्मी अटो ग्रुका प्रबन्ध निर्देशक सेवक बुढाथोकीले पनि बनेपाको नयाँ आउटलेटको विक्रेताको रुपमा लक्ष्मी अटो नियुक्त भएकोमा खुशी व्यक्त गरे । उनले भनेका छन्, 'बनेपामा सिप्रदी ट्रेडिङ्गका लागि टाटा मोटर्सको डिलरको रूपमा प्रतिनिधित्व गर्न पाउँदा हामी निकै गर्व महशुस गरिरहेका छौं । बनेपा डिलरशिप सेल्स शोरुमको सफलतापूर्वक उद्घाटन गरिएको छ । उद्घाटनसँगै यस क्षेत्रबाट टाटा मोटर्सले निकै सकारात्मक प्रतिक्रिया पाइरहेको छ । टाटा मोटर्स सँगको सम्झौतासँगै हामी यसको बढ्दो माग, बिक्री एवम् यसको सेवाहरू उच्च मापदण्डहरूको पालनासहित पूरा गर्न चाहन्छौं ।'




अब बनेपामा रहेको आउटलेटबाट ग्राहक एवम् उपभोक्ताहरूले टाटा मोटर्सका साना गाडी सम्बन्धि परामर्श, खरिद तथा एक्स्चेंज सर्भिस जस्ता सुविधा लिन सक्नेछन् । उपभोक्ताहरूले यहाँबाट दक्ष प्राविधिकहरूमार्फत गुणस्तरीय सेवा प्राप्त गर्नुका साथै गाडीको जेन्युन पार्टपुर्जाहरू पनि सहजै पाउने कम्पनीको भनाइ छ ।

बनेपाको नयाँ आउटलेटबाट बनेपालगायत वरिपरिका उपभोक्ताहरू लाभान्वित हुनेमा कम्पनी विश्वस्त छ । यसभन्दा अघि टाटा मोटर्सले काठमाडौं, चितवन, नवलपुर, कास्की, रुपन्देही, सिराहा, धनुषा, पर्सा, सर्लाही, झापा, सुन्सरी, दाङ, कैलाली, बाँके, मोरङ र मकवानपुरको विभिन्न ठाउँमा रहेको आउटलेटबाट ग्राहकहरूलाई निरन्तर सेवा पुऱ्याइरहेको छ ।


# एक्टिभ ईन्टरटेनमेन्टको कलाकार सम्मान तथा सांगीतिक कार्यक्रम सम्पन्न

काठमाडौं । आफ्नो स्थापनाकाल देखिनै बिभिन्न समयमा राष्ट्रवादी गितको बिमोचन , कलाकार ,समाजसेबि तथा बिभिन्न ब्यक्तित्वहरुलाई सम्मान कलाकार र पत्रकार बिचमा खेलकुद जस्ता कृयाकलाप गराउँदै आएको एक्टिभ ईन्टरटेनमेन्टले प्रजातन्त्र दिवसको अवसर पारेर पेसागत राष्ट्रिय कलाकार सम्मान २०७८ तथा म्युजिकल प्रोगाम सम्पन्न गरेको छ । सम्मान कार्यक्रमा बिभिन्न क्षेत्रमा काम गर्ने सबै बिधाका प्राबिधिक कलाकार तथा समाजसेवि हरुलाई सम्मान गरिएको आयोजकले जानकारी दिएको छ । एक्टिभ




ईन्टरटेनमेन्टको अध्यक्ष अनु राना को शभापतित्व र नेपाली काँग्रसका बरिष्ट नेता तथा पुर्व उपप्रधान मन्त्री गोपालमान श्रेष्ठको प्रमुख आतिथ्यमा तथा हेल्पिङ ह्याण्डस् का अध्यक्ष डा.राजेन्द्र कोईराला, ईमिटी बोर्डीङ स्कुलका प्रिन्सिपल सुरेन्द्र लम्साल, समाजसेबि टेकबम लगाएत अन्य कलाकार तथा पत्रकारहरुको आतिथ्यमा सम्पन्न भएको कार्यक्रमको सन्चालन कलाकार मोडल तथा सर्जक बिजेन्द्र नौबागेले गरेको उल्लेख छ । कार्यक्रममा नेपाली चलचित्रका निर्देशक अमर वली ,म्युजिक भिडियो निर्देशक देवेन्द्र पाण्डे ,म्युजिक भिडियो निर्देशक प्रकाश धिताल,सर्जक गोबिन्द भट्ट ,मिडियो निर्देशक राज तामाङ, मोडल तथा मिडियाकर्मी श्रेया कार्की , गायक रुपक डोटेल , गायक तिलक बस्नेत , गायक एलिज एन्जल राई ,ब्यबसायी तथा समाजसेबि राजु कार्की , कलाकार तथा समाजसेबि जानकी बज्रचार्य ,निर्देशक तथा भिडियो सम्पादक प्रेम शर्मा पौडेल , समाजसेबि दुर्गा लम्साल, गायक, सर्जक र मोडल मिलन बिष्ट , संचारकर्मी तथा सामाजिक अभियन्ता डि.बि. पराजुली लगायतलाई बिभिन्न बिधामा प्रशंसनिय कार्य गरेको भन्दै पेसागत राष्ट्रिय कलाकार सम्मान २०७८ ले सम्मान गरीएको आयोजकले जानकारी दिएको हो ।

# नेपालमा नयाँ विद्युतीय गाडी सार्वजनिक गर्दै हुन्डाइ



काठमाडौं । नेपाली बजारमा हुन्डाइले नयाँ विद्युतीय गाडी सार्वजनिक गर्दैछ । नेपालमा हुन्डाईको आधिकारीक वितरक लक्ष्मी इन्टरकन्टिनेन्टल प्रालिले केही समयमै विद्युतीय मोडल 'आइओनिक-५' को विक्री सुरु गर्ने भएको हो ।

विद्युतीय गाडीको माग र यसप्रतिको आकर्षण बढ्दो अवस्थामा रहेका बेला कम्पनीले नयाँ मोडलको गाडी नेपाल ल्याउन लागेको हो । उत्कृष्ट ढंगले डिजाइन गरिएको गाडी आधुनिक सुविधायुक्त छ । आइओनिक-५को डिजाइनलाई कम्पनीले प्रिमियम विद्युतीय

बाँकी ६ पृष्ठमा

## सामाजिक सञ्जालको दुरुपयोगबारे सचेत रहौं

- आफुले प्रयोग गर्ने मोवाईल, कम्प्युटर जस्ता विद्युतीय उपकरण प्रयोग गरिसकेपछि सधैं लगआउट गरौं ।
- अरुलाई आफ्नो एकाउण्टको पासवर्ड नदिउँ ।
- साथीभाई वा अन्यको फोटो तथा भिडियो खिच्नु र सामाजिक सञ्जालमा राख्नु अघि अनुमति लिऔं ।
- अपरीचित ब्यक्तिको साथी बन्ने प्रस्ताव आए अस्वीकार गरौं ।
- सामाजिक सञ्जालमै चिनेको भरमा बोलाएको ठाउँमा भेट्न नजाऔं ।
- सामाजिक जीवनमा गर्न नमिल्ने काम तथा ब्यवहार सामाजिक सञ्जालमा पोष्ट वा शेयर नगरौं ।
- सामाजिक सञ्जालमा देखिएका भ्रामक, आधिकारीता नभएका सूचना सन्देश, फोटो तथा भिडियो शेयर नगरौं ।
- कसैको मर्यादा, प्रतिष्ठा तथा सम्मानमा आँच आउने खालका सूचना तथा सन्देश पोष्ट वा शेयर नगरौं ।
- शंकास्पद तथा अशोभनीय सन्देश प्राप्त भए प्रतिपाद गरौं र रेकर्डको लागि सुरक्षित राखौं ।

सामाजिक सञ्जालको उपयोगमा सचेत बनौं र त्यसबाट हुनसक्ने अपराधिक क्रियाकलाप नियन्त्रण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनआकाश मिडिया प्रा.लि.का लागि: प्रकाशक: द्रोणबहादुर बस्नेत, सम्पादक : ब्रबिम बस्नेत, प्रधान सम्पादक, मोहन कार्की ९८६१५८८४५६,९८५१०८७१५६ कम्प्युटर: जनआकाश डेस्कटप
प्रधान कार्यालय, बागबजार, काठमाडौं, ०१-४१६७५७८, पोष्ट बक्स नं. १६५६, E-mail: jana.news2065@gmail.com, मुद्रण: सुप्रिम प्रिन्टिङ्ग प्रेस